प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२५ | काठमाडौं | बुधबार, १० भदौ २०८३ | Prabhab National Daily | Wednesday, 26 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-

कांग्रेस विवाद

महाधिवेशन रोक्ने रिट दर्ता भएसँगै दबाबमा गगनपक्ष, देउवा समूह उत्साही

■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली कांग्रेसको १५औं महाधिवेशन रोक्न शेरबहादुर देउवापक्षले सर्वोच्च अदालतमा दिएको रिट दर्ता भएको छ। निवर्तमान सभापति देउवा र पूर्वउपसभापति पूर्णबहादुर खड्काले बेग्लाबेग्लै दिएको पूरक रिट मंगलबार सर्वोच्चले दर्ता गरेको हो।

गत शुक्रबार महाधिवेशन रोक्न भन्दै रिट लिएर देउवा र खड्काले बारेसमार्फत रिट निवेदन दिए पनि मंगलबारमात्र दर्ता भएको हो। उक्त रिट दर्तासँगै कांग्रेस विवादको मुद्दामा सर्वोच्चले बिहीबारका लागि पेसी तोकेको छ।

विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको कार्यसमितिले असोज १६ मा १५औं महाधिवेशन आयोजना गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ। कांग्रेस निर्वाचन समितिको भदौ २ गतेको बैठकले भदौ २४ गते वडा अधिवेशन

विवादको समाधान विधानभित्रैबाट सम्भव छ । तर एउटा विवाद समाधानको नाममा गरिएको गलत अभ्यास अन्ततः नजिर बन्न पुग्दछ र भोलि यही समस्याको स्रोत बन्न सक्छ । यतिचाहिँ ख्याल गरौं । अग्रज नेताहरूलाई आग्रह छ, हाल देखिएको समस्याको समाधान भनेको महाधिवेशन रोक्नु होइन, महाधिवेशनलाई विश्वसनीय बनाउनु हो ।

■ देवराज चालिसे

प्रवक्ता, नेपाली कांग्रेस

गर्दै १५औं महाधिवेशनअन्तर्गत अधिवेशन सुरु गर्ने निर्णय गरेको छ। तर आधिकारिकता विवाद यथावत् रहेको अवस्थामा महाधिवेशन रोक्नुपर्ने भन्दै देउवापक्ष अदालत पुगेको हो।

अब तोकिएको मितिमा महाधिवेशन हुन्छ कि हुँदैन ? यसको वारपार बिहीबार अदालतको आदेशले गर्ने छ। गत पुस मसान्तमा भएको विशेष महाधिवेशनबाट गगन सभापति बनेपछि इतरपक्ष आधिकारिता दाबी गर्दै अदालत धाउँदै आएको छ। निर्वाचन आयोगले गगन नेतृत्वको कार्यसमितिलाई नै मान्यता दिएपछि कांग्रेस गत वर्ष फागुन २१ गतेको निर्वाचनमा पनि उनकै नेतृत्वमा होमियो। वैशाख ४ गते आयोगकै निर्णयलाई सर्वोच्चले सदर गरेपछि देउवापक्ष पुनरवलोकनका लागि गएको थियो।

अदालतले पुनरवलोकन गर्ने भएसँगै देउवा समूह सर्वोच्चको फैसला कुर्ने पक्षमा देखिन्छ। संस्थापन भने फैसलाअघि नै राजनीतिक सहमतिमार्फत विवाद टुंग्याएर महाधिवेशनमा जाने जोडमा छ। इतरपक्षले अदालतको विचाराधीन मुद्दामा विपक्षीको नाममा अन्तरकालीन आदेश मागेको छ। 'नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन सम्पन्न गर्नका लागि निर्वाचन समितिको नाममा प्रकाशित विज्ञप्तिहरूको काम कारबाहीअनुरूप कार्य भएमा सम्मानित अदालतमा विचाराधीन मुद्दा प्रयोजनविहीन हुन जाने भएकाले सुविधा सन्तुलनको दृष्टिले प्रस्तुत मुद्दाको अन्तिम किनारा नभएसम्मका लागि विपक्षीहरूले प्रकाशित गरेको कार्यतालिकाबमोजिम २०८३ भदौ २४ गते गाउँ, नगर,...

⏭ क्रमशः पृष्ठ २ माख

शंकर पोखरेलको समीक्षा प्रतिवेदन

ओलीलाई अघि सार्नु चुनावी पराजयको मुख्य कारण

चौतर्फी प्रहार भइरहेको र सिंगो पार्टीपंक्ति 'डिफेन्सिभ' रहेका बेलामा पार्टी अध्यक्षलाई नै प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरेर निर्वाचनमा जाने कुराले निर्वाचनमा पार्टीपंक्ति थप प्रतिरक्षात्मक बन्न पुग्यो ।

»» शंकर पोखरेलको प्रतिवेदन

■ जेबी योञ्जन

काठमाडौं– नेकपा एमालेका महासचिव शंकर पोखरेलले गत निर्वाचनमा पार्टीले व्यहोरेको शर्मनाक पराजयको कारणमध्ये अध्यक्ष केपी शर्मा ओलीलाई नै भावी प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नु प्रमुख कारण रहेको निष्कर्ष निकालेका छन्। जेन-जी आन्दोलनपछि चौतर्फी आलोचनामा परेका ओलीलाई नै प्रधानमन्त्रीको उम्मेदवार बनाएर निर्वाचनमा जाँदा पार्टीपंक्ति थप रक्षात्मक बन्न पुगेको पोखरेलको प्रतिवेदनमा उल्लेख छ।

निर्वाचन समीक्षा एवं पार्टी पुनर्गठन सुझाव संकलन कार्यदलका लागि पोखरेलले तयार पारेको प्रतिवेदनमा यस्तो औंल्याइएको हो। अध्यक्ष ओलीले नबुझेको सो प्रतिवेदन सञ्चार माध्यममार्फत सार्वजनिक भएको हो।

प्रतिवेदनमा एमालेको पराजयका छ वटा कारण औंल्याइएको छ। तीमध्ये जनअसन्तोष र अविश्वास, परिवर्तित जनआकांक्षा सम्बोधन गर्न नसक्नु, जेन-जी आन्दोलन र ओलीलाई प्रधानमन्त्रीको उम्मेदवार बनाउनु, भूराजनीति तथा सामाजिक सञ्जालको अल्गोरिदम, नीतिगत अलमल तथा शासकीय कमजोरी र पार्टीभित्रका आन्तरिक समस्या छन्।

सात प्रदेश कमिटीसहित १३ स्थानबाट संकलन गरिएका सुझावका आधारमा तयार पारिएको प्रतिवेदनले एमालेको पराजयलाई वाह्य शक्तिको चलखेलको परिणाममात्र मानेको छैन। बरु विगतका सरकारको कार्यसम्पादन, नेतृत्वको राजनीतिक शैली, जनताको बदलिँदो चाहना बुझ्न नसक्नु र पार्टीभित्रको लोकतान्त्रिक अभ्यास कमजोर हुनुजस्ता कारणलाई पनि उत्तिकै जिम्मेवार मानेको छ।

प्रतिवेदनमा जेन-जी आन्दोलनका बेला सरकारको नेतृत्व गरेका ओलीलाई नै निर्वाचनपछि प्रधानमन्त्री बन्ने उम्मेदवारका रूपमा अघि सार्नु एमालेका लागि उल्टो परिणाम दिने निर्णय बनेको उल्लेख छ।

»» क्रमशः पृष्ठ २ मा

चुनावमा एमाले हारका १० कारण

- ओलीलाई नै प्रधानमन्त्रीको उम्मेदवार बनाउनु
- जेन-जी आन्दोलनको गलत विश्लेषण गर्नु
- सरकारप्रति जनअसन्तुष्टि
- जनताको बदलिँदो चाहना बुझ्न नसक्नु
- युवापंक्तिबाट टाढिनु
- नयाँ पुस्तासँग पार्टीको सम्बन्ध कमजोर
- सामाजिक सञ्जालमा रक्षात्मक हुनु
- कांग्रेससँगको गठबन्धनको गलत सन्देश
- विद्या भण्डारी प्रकरणले बढाएको गुटबन्दी
- उम्मेदवार चयनमा असन्तुष्टि

सरकार सञ्चालनमा कमजोरी

नेकपा एमालेका महासचिव शंकर पोखरेलले एमाले नेतृत्वकै सरकारले पार्टीका नीति तथा कार्यक्रमलाई प्रभावकारीरूपमा अघि बढाउन नसक्नु पनि चुनावी हारको कारण भएको आफ्नो प्रतिवेदनमा उल्लेख गरेका छन्। प्रधानमन्त्रीसँग अगुवा कायकर्ताको भेटघाट सहज नहुनु, 'समृद्ध नेपाल, सुखी नेपाली'को नीतिलाई व्यवहारमा लागू गर्न नसक्नु, बजेट निर्माणमा सन्तुलन कायम गर्न नसक्नु र दैनिक सेवा प्रवाहमा ढिलासुस्ती हुनुजस्ता कमजोरी प्रतिवेदनमा उल्लेख छन्।

शिक्षक तथा कर्मचारीका माग सम्बोधन हुन नसक्दा उनीहरू असन्तुष्ट बनेको, रासायनिक मलको अभाव रहेको तथा उखु र दुग्ध उत्पादक किसानले अनुदान तथा बिक्रीको रकम नपाएको विषयलाई पनि सरकारको कमजोरीका रूपमा औंल्याइएको छ।

भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान हुन नसक्नु र संघीय शिक्षा ऐन, प्रहरी ऐन तथा निजामती सेवा ऐन ल्याउन नसक्दा संघीयताप्रति सरकार नकारात्मक रहेको सन्देश गएको प्रतिवेदनमा उल्लेख छ। सामाजिक सञ्जाल दर्ता गरेर मात्रै सञ्चालन गर्न दिने सरकारको निर्णयले युवापंक्तिमा असन्तुष्टि बढाएको पनि प्रतिवेदनमा स्वीकार गरिएको छ।

»» क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

सिण्डिकेटविरूद्ध लोकतान्त्रिक एसोसिएसनको खबरदारी भेला

एकजुट भएर लड्ने व्यवसायीहरूको प्रतिबद्धता

■ ममता थापा

काठमाडौं– वैदेशिक रोजगार व्यवसायीहरूले एकाधिकार (सिण्डिकेट)को अभ्यास गर्नेहरूलाई कारबाहीको दायरामा नल्याएसम्म व्यवसायीले सुख नपाउने बताएका छन्। मंगलबार नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले आयोजना गरेको सिण्डिकेटविरुद्धको खबरदारी भेला एवं हस्ताक्षर संकलन कार्यक्रममा सहभागी व्यवसायीहरूले आपसमा एकताबद्ध हुनुपर्ने बताएका हुन्।

कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङले केही दिनपछि आन्दोलन साम्य हुन्छ र चलखेल गर्न पाइन्छ भन्ने सपना नदेख्न सिण्डिकेट पक्षधरलाई चेतावनी दिए। मलेसियाको एफडब्ल्युसिएमएस प्रणालीभित्र परेका २५ म्यानपावर व्यवसायीले केही दिनपछि हामी गरिखान्छौं भन्ने सपना देखेको भए त्यो त्यागन गुरुङले आग्रह गरे। त्यस्तै, एकाधिकार ल्याउन खोज्नेहरूले अन्य २५० व्यवसायीको पनि नाम राख्दै सूची तयार गरेर व्यवसायीहरूको एकता भाँड्ने असफल





तस्विरः मनिष राई/प्रभाव

प्रयास गरेको उनको भनाइ छ।

'हामी मर्न तयार छौं। मर्न लागेको व्यक्तिले के-के गर्छ भनेर तपाईंहरू नै बुझ्नुहोस्,' उनले भने, '२५० जनाको संख्यामा २४४ औं नम्बरमा मेरो संस्थाको नाम पनि राखेको रहेछ। उनीहरू यति बाठो कि उनीहरूको विरोध गर्ने सबैको नाम हालेर सीधासाधा व्यवसायीहरूलाई कन्फचुज्ड बनाउने काममा लागिरहेका छन्।'

एफडब्ल्युसिएमएसमा सूचीकृत संस्थाहरूले अन्य व्यवसायीलाई एजेन्ट बनाउन लागिरहेकाले कसैको एजेन्ट नबन्नसमेत गुरुङले आग्रह गरे।

»» क्रमशः पृष्ठ २ मा

तीन व्यवसायी प्रगतिशील मञ्चबाट निष्कासित

काठमाडौं (प्रस)– प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले तीन वटा म्यानपावर कम्पनीलाई साधारण सदस्यसमेत नरहनेगरी निष्कासन गरेको छ। मलेसियाको एफडब्ल्युसिएमएस प्रणालीभित्र परेका ती संस्थालाई मंगलबार कारबाहीस्वरूप मञ्चबाट निष्कासन गरिएको हो।

यसरी कारबाहीमा पर्ने संस्था मिलन कट्टेल सञ्चालक रहेको एसिया लिंक ओभरसिज प्रालि, रघुनाथ पुरीको द रिभर ओभरसिज प्रालि र रविन गुरुङको ट्रस्ट नेपाल ओभरसिज प्रालि रहेका छन्। यी संस्थाहरूको नाम मलेसियाको फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)मा सूचीकृत छ। सूचीकृत संस्थाहरूलाई २४ घण्टाभित्र लिखित स्पष्टीकरण दिन मञ्चले गत आइतबार पत्राचार गरेको थियो। तर तोकिएको समयसीमाभित्र कुनै पनि संस्थाले जवाफ नपठाएको र यसलाई गम्भीरतापूर्वक लिइएको मञ्चले जनाएको छ। मञ्चको निर्देशनको अवज्ञा गरेकाले ती संस्थाहरूलाई मञ्चको विधान तथा संस्थागत अनुशासनबमोजिम मञ्चसँगको आबद्धता समाप्त गरिएको जनाइएको छ।

मञ्चले एफडब्ल्युसिएमएसमा कुन प्रक्रियाबाट समावेश भएको र नाम समावेश गराउन कुनै निकायसँग पत्राचार, सम्झौता आदि भएको भए सोको विवरण पनि उपलब्ध गराउन भनेको थियो। तर, उल्लिखित संस्थाहरूबाट आवश्यक सहयोग नभएकाले मञ्चबाट हटाइएको अध्यक्ष जनक रावलले बताए।

एफडब्ल्युसिएमएसबाट बाहिरिन १५ संस्थाले बुझाए लिखित प्रतिबद्धता

मलेसियालाई कूटनीतिक नोट पठाउने तयारी

■ प्रभाव संवाददाता

काठमाडौं- मलेसियाको एफडब्ल्युसिएमएस प्रणालीभित्र समावेश २५ मध्ये १५ म्यानपावर कम्पनीले उक्त प्रणालीभित्र रहेर काम नगर्ने लिखित प्रतिबद्धता बुझाएका छन्। सोमबार श्रम मन्त्रालयमा भएको छलफलमा मौखिक प्रतिबद्धता जनाएका उनीहरूले मंगलबार लिखितरूपमा आफ्नो प्रतिबद्धता पेस गरेका हुन्।

प्रतिबद्धता बुझाउनेमा लाल धनुष इन्टरनेसनल सर्भिस, नेपाल प्लेसमेन्ट एजेन्सी प्रालि, द रिभर ओभरसिज प्रालि, स्काइ पावर इन्टरनेसनल सर्भिसेज, ट्रस्ट नेपाल ओभरसिज प्रालि, ह्वाइट हर्स इन्टरनेसनल प्रालि, विएम ओभरसिज प्रालि, संयोग ओभरसिज प्रालि, टचालेन्ट ओभरसिज सर्भिसेज प्रालि, वाइड स्पेस इन्टरनेसनल, एएनएस एसोसिएट्स प्रालि, अल स्किल्स इन्टरनेसनल हचुमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रालि, डिडी हचुमन रिसोर्सेस ग्रुप प्रालि र प्यारामाउन्ट इम्प्लोयमेन्ट कन्सल्टेन्सी प्रालि रहेका छन्।

बाँकी १० संस्थाले भने यो समाचार तयार पार्दासम्म लिखित प्रतिबद्धता बुझाएका छैनन्। प्रतिबद्धता जनाउने १५ व्यवसायीलाई एफडब्ल्युसिएमएस प्रणालीबाट हटाउन सरकारले कूटनीतिक नोट पठाउने भएको छ। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पहलमा युवा, श्रम तथा रोजगार मन्त्रालयले पत्र पठाउन लागेको संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए। व्यवसायीको लिखित प्रतिबद्धतासमेत समेटेर मलेसियालाई कूटनीतिक नोट पठाउनका लागि मन्त्रालयलाई दबाब दिन अध्यक्ष खत्री नेतृत्वको संघको टोली मंगलबार राति अबेरसम्म मन्त्रालयमै बसेको थियो।

यसैबीच मंगलबार संघले सिण्डिकेटविरुद्ध संघर्षका लागि तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। संघका सबै पूर्वअध्यक्ष, सम्पूर्ण घटक संस्थाका अध्यक्ष र सचिवका साथै संघका अध्यक्ष, प्रथम र द्वितीय उपाध्यक्षबाहेकका सबै पदाधिकारी रहनेगरी १०१ सदस्यीय समिति गठन गरिएको जानकारी दिइएको छ।

पृष्ठ १ बाट क्रमशः

सरकार सञ्चालनमा...

प्रतिवेदनले निर्वाचनमा सामाजिक सञ्जालको प्रभावलाई पनि महत्वपूर्ण कारण मानेको छ । एमालेका पक्षमा सूचना प्रविधि प्रयोग गर्न सक्ने युवा जमात पर्याप्त नहुँदा प्रतिस्पर्धी शक्तिहरू सामाजिक सञ्जालमा बढी आक्रामक बनेको निष्कर्ष निकालिएको छ ।

'विशेषगरी चुनावका समयमा हाम्रो पार्टीपंक्ति रक्षात्मक अवस्थामा रहनु, विपक्षीहरू आक्रामक हुनु र उनीहरूसँग सूचना र प्रविधिको प्रयोग गर्न सक्ने युवा जमात उल्लेखय मात्रामा हुने कुरालेपनि अल्गोरिदमको तहमा उनीहरूका एजेण्डा स्थापित भए, बनाइए,' प्रतिवेदनमा भनिएको छ । भूराजनीतिक चलखेललाई पनि कार्यदलले चुनावी परिणामसँग जोडेको छ । चीनसँगको व्यापार तथा पारवहन सम्झौता, चुच्चे नक्सा, दैलेखको ग्यास र धौवादी फलामखानी अन्वेषणजस्ता विषयमा एमालेले लिएको अडानका कारण बाहच दबाब बढेको पार्टीपंक्तिको बुझाइ रहेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, एमालेको चुनावी पराजयमा पार्टीभित्रको आन्तरिक समस्या पनि महत्त्वपूर्ण रहेको प्रतिवेदनले निष्कर्ष निकालेको छ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण नगर्ने निर्णयले पार्टीपंक्तिलाई विभाजित बनाएको उल्लेख गर्दै प्रतिवेदनमा त्यसको राजनीतिक असर निर्वाचनसम्म परेको बताइएको छ । 'पूर्वराष्ट्रपतिको पार्टी सदस्यता नवीकरण सम्बन्धी विवादले पार्टी पंक्तिलाई विभाजित बनाउन पुग्यो,' प्रतिवेदनमा भनिएको छ ।

भण्डारीको सदस्यता नवीकरण नहुँदा उनले ११औं महाधिवेशनमा भाग लिन पाएकी थिइनन् । उनको समर्थनमा तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले प्यानल बनाएर महाधिवेशनमा प्रतिस्पर्धा गरेका थिए ।

प्रतिवेदनले महाधिवेशनमा भएको प्यानल प्रतिस्पर्धाका कारण तल्लो तहसम्म सांगठनिक कित्ताकाट र गुटबन्दी विस्तार भएको निष्कर्ष निकालेको छ ।

उम्मेदवार चयन पारदर्शी नहुनु, अन्तिम समयमा निर्णय परिवर्तन हुनु, भूगोलमा खटिने कायकर्ताभन्दा नेताको वरिपरि घुम्नेलाई टिकटमा प्राथमिकता दिएको प्रचार हुनु र निर्वाचनमा अन्तर्घात गर्नेलाई कारवाही नहुनु पनि पार्टीभित्र असन्तुष्टि बढाउने कारण भएको प्रतिवेदनमा उल्लेख छ । निर्वाचन समीक्षा प्रतिवेदनले एमालेको पार्टी संरचनामै सुधार गर्नुपर्ने प्रस्ताव गरेको छ । पार्टीमा अध्यक्षकेन्द्रित शक्तिको केन्द्रीकरण घटाएर सामूहिक नेतृत्व र शक्तिको विकेन्द्रीकरण गर्नुपर्ने सुझाव दिइएको छ । तल्ला कमिटीको अधिकार र भूमिका बढाउनुपर्ने तथा सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको सिद्धान्तलाई व्यवहारमा लागू गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

यससँगै विधानबाट हटाइएको ७० वर्ष उमेर हद पुनःस्थापना गर्नुपर्ने र मुख्य कार्यकारी पदमा बढीमा दुई कार्यकालको व्यवस्था गर्नुपर्ने प्रस्ताव गरिएको छ । 'विधानबाट हटाइएको ७० वर्ष उमेर हद र मुख्य कार्यकारी पदहरूमा बढीमा दुई कार्यकालको व्यवस्था पार्टी जीवनको लोकतान्त्रिकरणको महत्त्वपूर्ण विषयका रूपमा रहेको हुँदा त्यसलाई पार्टी विधान संशोधन गरेर पुनः लागू गर्नुपर्दछ भन्ने अधिकांशको राय रहेको छ,' प्रतिवेदनमा छ ।

'एक व्यक्ति एक पद'को नीति लागू गर्नुपर्ने, एउटै व्यक्ति लगातार दुई पटकभन्दा बढी प्रधानमन्त्री, मन्त्री वा स्थानीय तहको प्रमुख हुन नपाउने व्यवस्था गर्नुपर्ने सुझाव पनि दिइएको छ । एमालेको निर्वाचन समीक्षा कार्यदलले उम्मेदवार चयन प्रणालीमा पनि आमूल सुधार गर्नुपर्ने प्रस्ताव गरेको छ । संघीय, प्रदेश तथा स्थानीय निर्वाचनका उम्मेदवार चयनमा केन्द्रको भूमिका हावी भएको भन्दै स्थानीय कमिटीको सिफारिसलाई प्रमुख आधार बनाउनुपर्ने सुझाव दिइएको छ । यस्तै, संगठित सदस्यहरूको आन्तरिक निर्वाचन अर्थात् प्राइमरी इलेक्सनमार्फत लोकप्रिय उम्मेदवार छनोट गर्ने विधि अपनाउनुपर्ने प्रस्ताव गरिएको छ ।

■■■

महाधिवेशन रोक्ने...

वडा अधिवेशन, असोज १६-१९ केन्द्रीय महाधिवेशनसँग सम्बन्धित २०८३ भदौ २ को सूचना विज्ञप्तिबमोजिमका काम कारबाही जे जुन अवस्थामा छ सोही अवस्थामा राख्नू भनी विपक्षीहरूका नाममा अन्तरकालीन आदेश जारी गरिपाउँ,' खड्काको निवेदनमा भनिएको छ । इतर समूहका नेता डा. शेखर कोइराला भने सर्वोच्चमा चलिरहेको आधिकारिकतासम्बन्धी विवादअगावै राजनीतिक सहमति गरेर अगाडि बढ्न १४औं महाधिवेशनलाई नै मान्ने गरेर सबै समाहित हुनुपर्ने पक्षमा देखिन्छन् । देउवा कांग्रेसको विधानअनुसार पनि आगामी महाधिवेशनबाट सभापति बन्न नपाउने र आफैं सभापति नबन्ने घोषणा गरिसकेकाले उनकै नेतृत्वमा महाधिवेशन गर्नेगरी दुवै पक्ष मिलेर अगाडि बढ्न सकिने कोइरालाको तर्क छ ।

यता संस्थापनपक्षले भने सहमति जुटाउन प्रयास गरिरहेको जनाएको छ । सभापति थापाले शुक्रवार निवर्तमान सभापति देउवाका स्वकीय सचिव भानु देउवालाई टेलिफोन गरी भेट्नका लागि समय मागेका थिए । यद्यपि, देउवाले गगनलाई भेटको समय भने दिएका छैनन् । देउवापक्ष अदालतबाट आफूले न्याय पाउनेमा ढुक्क देखिन्छ भने गगनपक्ष पछिल्लो समय निकै दबाबमा देखिन्छ ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले महाधिवेशन निष्पक्ष बनाउन आपसी सहमतिमा विश्वासनीय वातावरण बनाउन सकिने बताउँछन् । यसको समाधान विधानमै भएको प्रवक्ता चालिसेको भनाइ छ । 'यी सबै असन्तुष्टि र विवादको समाधान विधानभित्रैबाट सम्भव छ । तर एउटा विवाद समाधानको नाममा गरिएको गलत अभ्यास अन्ततः नजिर बन्न पुग्दछ र भोलि यही समस्याको स्रोत बन्न सक्छ । यतिचाहिँ ख्याल गरौं,' चालिसेले भने, 'अग्रज नेताहरूलाई आग्रह छ, हाल देखिएको समस्याको समाधान भनेको महाधिवेशन रोक्नु होइन, महाधिवेशनलाई विश्वसनीय बनाउनु हो ।'

चालिसेले विधानले दिएको अधिकार प्रयोग गरी केन्द्रीय समिति विस्तार गर्न सकिनेसमेत बताएका छन् । 'केन्द्रीय समिति विस्तार गर्नुपर्ने हो भने गरौं, विधानले दिएको अधिकार प्रयोग गरेर गरौं, संख्याको सीमालाई ख्याल गरौं । क्रियाशील सदस्यता व्यवस्थापनमा प्रश्न छ भने सबै पक्षको सहभागिता र विश्वास हुने समिति बनाऔं,' प्रवक्ता चालिसेले सामाजिक सञ्जाल फेसबुकमा भनेका छन् ।

इतरपक्षले १४औं महाधिवेशनबाट केन्द्रीय समितिमा निर्वाचित १११ पदाधिकारी तथा केन्द्रीय सदस्यहरूलाई गगन नेतृत्वको केन्द्रीय समितिमा समेट्नुपर्ने माग अघि सारेको छ । सभापति थापाले यसलाई स्वीकार गर्न नसकिने बताएका छन् ।

■■■

सिण्डिकेटविरूद्ध...

लोकतान्त्रिक एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरेले एउटा श्रमिकले केही रूपैयाँ बढी लियो भन्ने उजुरी दिँदा व्यवसायीको एलटी बन्द गर्ने सरकारले व्यवसायलाई संकटग्रस्त बनाउने गतिविधि भइरहँदा पनि निर्णायक कदम चाल्न नसकेको भन्दै आलोचना गरे । 'एउटा श्रमिकले ५० रूपैयाँ बढी लियो भनेर उजुरी गर्दा हाम्रो एलटी बन्द हुन्छ । तर यत्रो संकटको घडीमा सरकारले आजसम्म निर्णायक कदम चाल्न सकेको छैन । यसले व्यवसायीमा थप आशंका पैदा गरेको छ,' गैरेले भने । त्यस्तै, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले आफूले मञ्चभित्र रहेका सिण्डिकेटधारीलाई निष्कासन गरेको जानकारी दिँदै लोकतान्त्रिक एसोसिएसनलाई पनि संस्थाको शुद्धीकरण गर्न सुझाव दिए । 'हामीले सिण्डिकेटधारीलाई डाँडा नकटाउँदासम्म सुख पाउने छैनौं । मैले सफाइ कार्यक्रम सुरु गरेँ,' रावलले भने, 'लोकतान्त्रिक एसोसिएसनभित्र पनि अपराधीहरू छन् भने राखेर मलजल नगर्नुहोस् । अहिले बढार्ने बेला आएको छ ।' व्यवसायीहरू विभाजित भए व्यवसाय गर्न सक्ने अवस्था नभएकाले एकताबद्ध भएर बेथितिविरुद्ध लाग्न रावलले जोड दिए । सरकारले समयमै निर्णय गर्न नसके ठूलो संकट निम्तने उनको भनाइ थियो ।

वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डेले मलेसिया रोजगारीमा एकाधिकार भित्रिए भोलि अन्य मुलुकको रोजगारीमा पनि यस्तै अवस्था निम्तने हुँदा चुप लागेर बस्ने अवस्था नरहेको बताए । एकाधिकार ल्याउन खोज्नेहरूलाई छ महिनासम्म काम गर्न नसक्ने बनाउनपर्ने उनको भनाइ छ ।

'थाहै नपाइकन नाम आउने २५ जना व्यवसायी कति भाग्यमानी ? ती २५ व्यवसायीको छ महिना एलटी बन्द गर्नुपर्छ । उनीहरूका चलअचल सम्पत्तिलाई सम्पत्ति शुद्धीकरण, अख्तियारलगायतका निकायमा पठाउनुपर्छ,' पाण्डेले भने ।

एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले सिण्डिकेटधारीहरू नेताहरूकहाँ धाइरहेको जानकारी पाएको बताए । अहिलेको सरकारबाट यस्ता क्रियाकलाप गर्नेहरू बच्न नसक्ने भन्दै आफ्ना गतिविधि सच्याउन सचेत गराए । 'तपाईंहरूको आफ्नै घरमा सुरक्षित हुनुहुन्न । तपाईंहरू अझै नेताहरूकोमा धाउनुहुँदै छ भन्ने सुनेको छ । त्यसले केही हुँदैन,' उनले भने, 'मलाई पूर्णविश्वास छ, यो सरकारले सिण्डिकेट ल्याउनेलाई कुनै हालमा समर्थन गर्ने छैन ।'

कार्यक्रममा एकाधिकारविरुद्ध दबाब दिन व्यवसायीहरूको हस्ताक्षर संकलन गरिएको थियो । संकलित हस्ताक्षरलाई संघमार्फत सरकारलाई बुझाउने एसोसिएसनका महासचिव सुमनराज पाण्डेले बताए ।

ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
शुन्य लागत अन्तर्गत युएईमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: ADNH CATERING, UAE
कम्पनी : एडीएनएच क्याटरीङ, युएई

Pre Approval Date : 2025-07-25 पूर्व स्वीकृति मिति : २०८२/०४/०९ | Post Approval Date : 2026-08-25 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०९ | LT. No. 327893 एल टि न. ३२७८९३ | चलानी नं. ६०२४१६८० Invoice No. 60241680

क्र. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	0	300	800	३३,३८०	रू.नि. अनुसार	८ घण्टा	६ दिन	रू.नि. अनुसार	छ		२ वर्ष

Pre Approval Date : 2025-04-11 पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | Post Approval Date : 2026-08-25 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०९ | LT. No. 321977 एल टि न. ३२१९७७ | चलानी नं. ६०२३६०८९ Invoice No. 60236089

क्र. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	0	34	800	३३,३८०	रू.नि. अनुसार	८ घण्टा	६ दिन	रू.नि. अनुसार	छ		२ वर्ष

The final interview will be conducted in the office on 3rd Sep. 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १८ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोट: आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्होर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical)	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्होर्ने Who will bear the medical Examination Cost at Destination Country	स्वदेशमा गरिने म्याद जीवन बिमा कसले व्होर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost	रोजगारमा बिना हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom	कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket and how much is the cost	भिषा शुल्क कसले व्होर्ने Who will bear the Visa Cost	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने How much is the Orientation Cost and who will bear it	भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने Who will bear the Visa Stamping Cost
रोजगारदाताले व्होर्ने By the Employer	रोजगारदाताले व्होर्ने By the Employer	रोजगारदाताले व्होर्ने Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- By the Employer	रोजगारदाताले व्होर्ने By the Employer	रोजगारदाताले व्होर्ने By the Employer	रोजगारदाताले व्होर्ने By the Employer	ने.रु.७०० ।- रोजगारदाताले व्होर्ने NPR 700/- By the Employer	रोजगारदाताले व्होर्ने By the Employer

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : Management of Workers Welfare Fund — ने.रु.१५०० ।- रोजगारदाताले व्होर्ने NPR 1500/- By the Employer

सेवा शुल्क कसले व्होर्ने who will bear the Service Fee — रोजगारदाताले व्होर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फलेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफ्नाजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफ्सँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम इजाजत नं. ८२२/०६६/०६७

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०१/२३ मा प्रा.लि नं. १४८८११ मा दर्ता भएको सत्य साई डुग डिष्ट्रिब्युटर्स प्रा.लि को मिति २०८३/०५/०८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन, २०६३ दफा ९२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटर: अधिवक्ता संजय कुमार शाह
(इजाजत पत्र नं. ३८३)
अनामनगर, काठमाडौं,सम्पर्क नं.९८४१४४४३३८)

बिमालेख हरायो

मिति २०८३/०३/०९ गते काठमाडौं जिल्ला बुढानिलकण्ठदेखि नक्सालसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमालेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Om Shankar Karmacharya
बिमालेख नं. 110039030, 110028494
नाम : Sajda Karmacharya, 110028554
कम्पनी : Life Insurance Corporation (Nepal) Ltd.
ठेगाना : कोटेश्वर
सम्पर्क नं : 9813885963

युएइमा रोजगार कम्पनी : HILL SUN BUILDING CLEANING SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 339196 | चलानी नं. ६०२५४८३८

क्र. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	10	0	1000	९१,५६१	रू.नि. अनुसार	८ घण्टा	६ दिनौं	रू.नि. अनुसार	छ		२ वर्ष
2	LABOURER BUILDING WORKER	10	0	1000	९१,५६१							
3	Male Cleaners (External)	10	0	1000	९१,५६१							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुजाबारका लागि पि मेडिकल गर्न लगाउने र खर्च व्होर्ने	रोजगार कम्पनीले मेडिकल गर्न लगाउने र खर्च व्होर्ने	रुजाबारका लागि बिना खर्च गराउने व्यक्तिले र खर्च व्होर्ने	रोजगारमा बिना हुने/नहुने र खर्च व्होर्ने	हवाई टिकट गराउने जिम्मा कसले लिने र खर्च व्होर्ने	भिषा शुल्क गराउने दिने र खर्च व्होर्ने	सामाजिक सुरक्षा कोष गराउने दिने र खर्च व्होर्ने	कल्याणकारी कोष गराउने जिम्मा व्यवस्था	सेवा शुल्क	अभिमुखिकरण शुल्क तोक्ने र गराउने व्यक्ति	भिसा स्टाम्पिङ शुल्क गराउने व्यक्ति
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २,९६,०००/- कामदारले तिर्ने	रु ६,४००/- कामदार आफैले	१०,०००	रु ६,२००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट स्वीकृतको जानकारी: १) आफ्नो नाममा लिखा प्रापत भई जाने निर्देशन भएपछि मात्र कम्पनीमै गई दस्तखत गर्नुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमीसनई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग त्याहाचलमा सम्पर्क गर्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com

आजको राशिफल

ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १० भदौ, २०८३

मेष — काममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्न सक्छ ।

वृष — रोकिएका काम अघि बढ्नेछन् । पारिवारिक वातावरण सुखद रहनेछ ।

मिथुन — नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । बोल्दा संयम अपनाउनु राम्रो ।

कर्कट — मेहनतको राम्रो परिणाम मिल्नेछ । आर्थिक पक्ष सुदृढ बन्ने संकेत छ ।

सिंह — काममा सफलता मिल्नेछ । साथीभाइबाट सहयोग प्राप्त हुनेछ ।

कन्या — नयाँ अवसर प्राप्त हुन सक्छ । अनावश्यक खर्चबाट बच्नुहोस् ।

तुला — व्यवसायमा प्रगति हुनेछ । महत्वपूर्ण निर्णय लिन अनुकूल समय छ ।

वृश्चिक — काममा केही चुनौती आउन सक्छन् । धैर्य र विवेकले अघि बढ्नुहोस् ।

धनु — नयाँ योजना सफल हुने सम्भावना छ । यात्राबाट लाभ मिल्न सक्छ ।

मकर — आम्दानी बढ्ने अवसर मिल्नेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।

कुम्भ — रोकिएका काम पूरा हुनेछन् । सामाजिक क्षेत्रमा सम्मान बढ्नेछ ।

मीन — मनमा उत्साह बढ्नेछ । प्रेम तथा पारिवारिक सम्बन्धमा आत्मीयता कायम हुनेछ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२	
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाई निःशुल्क एम्बुलेन्सर शवबाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशवबाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	४२५५५४०/४२५५५४१ ६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२१४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३१५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर टचाक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१० भदौ, २०८३ (२६ अगस्ट २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५२.९०	१५३.५०
युरो	१	१७८.३५	१७९.०५
पाउन्ड स्टर्लिङ	१	२०८.४६	२०९.२८
स्विस फ्रैन्क	१	१९०.५७	१९१.३१
अस्ट्रेलियन डलर	१	१०९.५५	१०९.९८
क्यानाडियन डलर	१	११०.५३	११०.९६
सिङ्गापुर डलर	१	१२०.३६	१२०.८३
जापानी येन	१०	९.६०	९.६४
चिनियाँ युआन	१	२२.७४	२२.८३
साउदी अरब रियाल	१	४०.७२	४०.८८
कतारी रियाल	१	४१.९४	४२.११
थाई भाट	१	४.६८	४.७०
संयुक्त अरब इमिरेट दिराम	१	४१.६३	४१.७९
मलेसियन रिङ्गेट	१	३७.८२	३७.९७
दक्षिण कोरियन वन	१००	११.०६	११.१०
स्विडिस क्रोनर	१	१६.११	१६.१७
डेनिस क्रोनर	१	२३.८६	२३.९५
हङकङ डलर	१	१९.५१	१

बागमतीका मुख्यमन्त्री थापाले पाए विश्वासको मत

काठमाडौं (प्रस)– बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले विश्वासको मत पाएका छन् । उनले मंगलबार प्रदेशसभा बैठकमा विश्वासको मतका लागि प्रस्ताव पेस गरेकामा प्रदेशसभाबाट विश्वासको मत पाएका हुन् ।

उपसभामुख अप्सरा चापागाईंले विश्वासको मतको पक्षमा ५७ र विपक्षमा शून्य मत परेको उल्लेख गर्दै मुख्यमन्त्री थापाले विश्वासको मत पाएको घोषणा गरिन् । थापालाई नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का २६, नेकपा एमालेका २५ (उपसभामुखसहित) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सात जना सांसदले विश्वासको मत दिएका थिए ।

राप्रपाका १२ जना प्रदेशसभा सदस्यमध्ये उद्धव थापा, राजेन्द्र प्रजापति, गिरबहादुर तामाङ, राजु विष्ट, डम्बर तामाङ, मोनिका श्रेष्ठ र नुरज बज्राचार्यले विश्वासको मत दिए । बाँकी पाँच जना प्रदेशसभा बैठकमा अनुपस्थित रहे । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले मंगलबारको प्रदेशसभा बैठक बहिष्कार गरेको थियो ।

यही भदौ ४ गते एमाले सांसद थापा मगर उनको दलसहित नेकपा र राप्रपाको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । सोमबार नै विश्वासको मत लिने तयारी गरे पनि सत्ता साझेदार दलहरूभित्रको विवादले रोकिएको थियो ।

पशुमा रेविज संक्रमण पुष्टि भएपछि खोप अभियान

चितवन– पूर्वी चितवनको रत्ननगरमा पालिएका पशु चौपायमा रेविजको संक्रमण देखिएको छ । नगर क्षेत्रका पशुमा रेविजको लक्षण देखिएको हो । रत्ननगर ९ र १० को नमूनामा रोगको संक्रमण पुष्टि भएको छ ।

पशु सेवा कार्यालयका प्रमुख डा. प्रभात न्यौपानेका अनुसार जर्सीगाईमा रोग संक्रमण पुष्टि भएको हो । उनका अनुसार यो रोग लागेका गाई भैंसीले च्याल काड्ने, टाउको भित्तामा ठोक्ने, मान्छे या अन्य जनावारलाई टोक्न खोज्ने, पानी खान नखोज्ने, घाँस खान नखोज्ने, दूध घटाउने र मर्ने हुन्छ ।

कुकुर बिरालामा रेविजविरुद्धको भ्याक्सिन लगाइए पनि अन्य पशु चौपायमा खासै यसको सुई लगाइँदैन । रोगको संक्रमण देखिएसँगै संक्रमित क्षेत्रमा पालिएका पशु चौपायमा रोविजविरुद्धको खोप लगाउन सुरु गरिएको छ । यो रोग लाइसा नामक भाइरसका कारण लाग्ने गर्दछ । जिल्लाका अन्य पालिकाहरूमा समेत यस रोगको संक्रमण देखिनसक्ने जनाउँदै उनले पशुपालक किसानलाई उच्च सावधानी अपनाउन आग्रह गरे ।

रत्ननगर नगरपालिकाकी पशु चिकित्सक अनुस्का राजभण्डारीका अनुसार पालिकाका विभिन्न वडामा पालिएका पशुमा यो रोगको संक्रमण देखिएको छ । यहाँका पशुहरूको नमूना संकलन गरी परीक्षणका लागि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला काठमाडौं पठाइएको छ । रोगको संक्रमण देखिएपछि संक्रमित क्षेत्रमा उच्च सतर्कता अपनाइएको उनले जानकारी दिइन् । उनका अनुसार यस आर्थिक वर्षमा सो पालिकामा चार वटा नमूना संकलन गरिएको छ । दुईवटा नमूनाको परिक्षणका लागि पठाउने तयारी गरिएको छ । दुई वटामा संक्रमणको पुष्टि भइसकेको छ । पशु मरेपछि नमूना परीक्षणका लागि पठाउने गरिन्छ । *रासस*

राष्ट्रपतिले ग्रहण गरे चाँगुनारायणको प्रसाद

काठमाडौं– राष्ट्रपति रामचन्द्र पौडेलले ऐतिहासिक एवं परम्परागत चाँगुनारायणको कलशयात्राको क्रममा कलशमा छायाँ दर्शन गरेका छन् । चाँगुनारायण कलशयात्राका पूजारीसहितका सहभागी मंगलबार साँझ राष्ट्रपति भवन शीतलनिवास पुगेपछि राष्ट्रपति पौडेलले कलशमा आफ्नो छायाँ दर्शन गरी टीका, फूल र प्रसाद ग्रहण गरेका थिए ।

भक्तपुरस्थित चाँगुनारायण मन्दिरबाट नारायण, लक्ष्मी र सरस्वतीको प्रतीकका रूपमा तीनवटा कलश पैदलयात्रा गराएर काठमाडौंको हनुमानढोका तथा वसन्तपुर ल्याउने गरिन्छ । त्यहाँ विधिपूर्वक पूजा सम्पन्न भएपछि राष्ट्रप्रमुखले कलशमा आफ्नो छायाँ दर्शन गरी टीका, फूल र प्रसाद ग्रहण गर्ने परम्परा छ । *रासस*

कुवेतमा रोजगार

कम्पनी : MUG COFFEE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०९ | LT. No. 342004 | चलानी नं. ६०२५५३४७

दि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Helper/cleaner	1	0	100	४९४४१	प्रति घण्टा अनुसार	८	६ दिन	प्रति महिना १ दिन	छ	छ	२ वर्ष
2	Barista	1	5	140	६९२१७							

कम्पनी : SIRHAN RESTAURANT CO

पूर्व स्वीकृति मिति : २०८२/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०९ | LT. No. 332760 | चलानी नं. ६०२४६३८७

दि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner	1	0	100	४९५८३	प्रति घण्टा अनुसार	८ घण्टा	६ दिन	प्रति महिना १ दिन	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गराले भर्ने र काटी लाने	रोजगार कम्पनीले मेडिकल सर्व दिने / बाँदिने	स्वदेशमा अरिवे बिमा सर्व गराले व्यहोर्ने र काटी लाग्ने	रोजगारका बिमा हुने/बहुने र गराले व्यहोर्ने	हवाई टिकट गराले दिने र काटी लाग्ने	भिषा शुल्क गराले दिने र काटी लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र काटी लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क काटी लाग्ने र गराले व्यहोर्ने	बिमा रकमिक शुल्क काट्ने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रक्तम बुझाउनु होला । २) आफ्नो रक्तको भौचर अनिवार्य लिनुहोला । ३) आफ्नो काम गर्ने जाने मुलुकमा रहेको नेपाली दूतावासिक निवेदनको समय देखेरा र फोन नम्बरहरु साथमा राख्नुहोला । ४) यस विज्ञापन सम्बन्धमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नो राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्टमा प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.

Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

कतारमा रोजगार

कम्पनी :HORIZON TRADING CENTER

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346967 | चलानी नं. ६०२६०२१५

दि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Stone Mason	2	0	1200	५०,४२४	अनिवार्य	८	६ दिन	प्रति महिना २ दिन	छ	छ	२ वर्ष
2.	Builder General	3	0	1000	४२,०२०							
3.	General Welder	1	0	1200	५०,४२४							
4.	Stone Mason	3	0	1200	५०,४२४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

स्वदेशमा अरिवे पि मेडिकल सर्व गराले भर्ने र काटी लाने	रोजगार कम्पनीले मेडिकल सर्व दिने / बाँदिने	स्वदेशमा अरिवे बिमा सर्व गराले व्यहोर्ने र काटी लाग्ने	रोजगारका बिमा हुने/बहुने र गराले व्यहोर्ने	हवाई टिकट गराले दिने र काटी लाग्ने	भिषा शुल्क गराले दिने र काटी लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र काटी लाग्ने (सरसपक्ष)	कल्याणकारी कोष सम्बन्धी व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क काटी लाग्ने र गराले व्यहोर्ने	बिमा रकमिक शुल्क काट्ने व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रक्तम बुझाउनु होला । २) आफ्नो रक्तको भौचर अनिवार्य लिनुहोला । ३) आफ्नो काम गर्ने जाने मुलुकमा रहेको नेपाली दूतावासिक निवेदनको समय देखेरा र फोन नम्बरहरु साथमा राख्नुहोला । ४) यस विज्ञापन सम्बन्धमा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफ्नो राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्टमा प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ९८७१/०८३/०८३

FIVE STAR HUMAN RESOURCES PVT. LTD.

Chandol-04, Kathmandu, Nepal, Tel : 977-14503100
E-mail : fivestarhumanresources@gmail.com,

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल भदौ महिना १० गते बुधवार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : अमरसिंह शाखा
कर्जा शिर्षक : व्यवसायीक सहुलियत आबाधिक, अधिविकर्षक, डिमान्ड र डिफरल ओभरड्यु कर्जा

ऋणीको विवरण

नाम : **सन्जिवनी अर्गानीक बहुउद्देश्य कृषि तथा पशु फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यतिको नाम : अस्मिता लामा दर्ता नं. : २५६७०५/०७७/०७८ दर्ता मिति : २०२१/०२/२२ दर्ता गर्ने कार्यालय : कम्पनी र जिष्टारको कार्यलय स्थायी लेखा नं. : ६०९९४४३३४

अख्तियार प्राप्त व्यतिको विवरण

भिम ब. लामाको नातिनी प्रकाश लामाको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ बस्ने **अस्मिता लामा** (ना.प्र.नं : ४६-०१-७५-०७३७८ जारी मिति र जिल्ला : २०७५/११/१५, कास्की)

अख्तियार प्राप्त व्यतिको विवरण

१) जबर सिंह लामाको नाति भिम बहादुर लामाको छोरा कास्की जिल्ला पोखरा वडा नं. १५ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **प्रकाश लामा** (ना.प्र.नं : १९८८५ जारी मिति र जिल्ला : २०५०/०३/२४, कास्की)

२) भिम ब. लामाको बुहारी बिल बहादुर लामाको पत्नी कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १५ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **नरमाया गुरुङ्ग लामा** (ना.प्र.नं : ९०५-तनहुँ जारी मिति र जिल्ला : २०४४/१२/२३, कास्की)

३) भिम ब. लामाको नाति बिल बहादुर लामाको छोरा कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. १५ बस्ने **योना लामा** (ना.प्र.नं : ४६-०१-७४-००३९१ जारी मिति र जिल्ला : २०७४/०१/१७, कास्की)

४) बाक्सीँको नाति भिम ब. लामाको छोरा कास्की जिल्ला पोखरा वडा नं. १५ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **बिल बहादुर लामा** (ना.प्र.नं : ३३५४ जारी मिति र जिल्ला : २०४८/०७/२५, कास्की)

५) भिम ब. लामाको नातिनी प्रकाश लामाको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ बस्ने **अस्मिता लामा** (ना.प्र.नं : ४६-०१-७५-०७३७८ जारी मिति र जिल्ला : २०७५/११/१५, कास्की)

६) भिम ब. लामाको नातिनी प्रकाश लामाको छोरी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ बस्ने **अन्जली लामा** (ना.प्र.नं : ४६-०१-७५-०७३७९ जारी मिति र जिल्ला : २०७५/११/१५, कास्की)

७) भिम वहादुर लामाको बुहारी प्रकाश लामाको पत्नी कास्की जिल्ला पोखरा वडा नं. १५ हाल, पोखरा म.न.पा. वडा नं. १५ बस्ने **विना लामा** (ना.प्र.नं : ६०१५२ जारी मिति र जिल्ला : २०५४/११/२०, कास्की)

२) शाखा कार्यालय : मनहरी शाखा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण

बाबुलाल तामाङको नाति इन्द्रलाल तामाङको छोरा मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **धन राज तामाङ** (ना.प्र.नं : ३१-०१-७०-०२२३५ जारी मिति र जिल्ला : २०७०/०२/२६, मकवानपुर)

अख्तियार प्राप्त व्यतिको विवरण

१) जसविर तामाङको नाति बाबुलाल तामाङको छोरा मकवानपुर जिल्ला पदमपोखरी वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **इन्द्रलाल तामाङ** (ना.प्र.नं : २८/३३९ जारी मिति र जिल्ला : २०५३/११/१५, मकवानपुर)

२) इन्द्र बहादुर लोप्चनको छोरी बाबुलाल तामाङको बुहारी इन्द्रलाल तामाङको पत्नी मकवानपुर जिल्ला पदमपोखरी वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **माया तामाङ** (ना.प्र.नं : २०२४ जारी मिति र जिल्ला : २०५९/०९/२९, मकवानपुर)

३) बाबुलाल तामाङको नाति इन्द्रलाल तामाङको छोरा मकवानपुर जिल्ला पदमपोखरी वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **सौराज तामाङ** (ना.प्र.नं : ३९११०२१/६३६३७ जारी मिति र जिल्ला : २०६६/०६/०४, मकवानपुर)

४) गुण बहादुर स्याङतानको छोरी इन्द्रलाल तामाङको बुहारी धन राज तामाङको पत्नी मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स वडा नं. १ हाल, हेटौंडा उ.म.न.पा. वडा नं. १३ बस्ने **सुस्मीता स्याङतान** (ना.प्र.नं : ३१-०१-७०-०२३०८ जारी मिति र जिल्ला : २०७०/०२/२७, मकवानपुर)

३) शाखा कार्यालय : इटहरी शाखा — **कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**

ऋणीको विवरण

नाम : **एयरपोर्ट बर्गर एण्ड बेकरी हाउस** अख्तियार प्राप्त व्यक्तिको नाम : राज कुमार तामाङ दर्ता नं. : ३०९४५१/०७९/०८० दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यलय दर्ता मिति : २०७९/१२/०८ रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला विराटनगर म.न.पा. वडा नं. ४ स्थायी लेखा नं. : ६१०४७०१२३

अख्तियार प्राप्त व्यक्तिको विवरण

मकर वहादुर तामाङको नाति प्रेम कुमार तामाङको छोरा भोजपुर जिल्ला वोया वडा नं. ४ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **राज कुमार तामाङ** (ना.प्र.नं. : ३८८९ जारी मिति र जिल्ला : २०६०/०१/२२, भोजपुर)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) मकर वहादुर तामाङको नाति प्रेम कुमार तामाङको छोरा भोजपुर जिल्ला वोया वडा नं. ४ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **राज कुमार तामाङ** (ना.प्र.नं. : ३८८९ जारी मिति र जिल्ला : २०६०/०१/२२, भोजपुर)

२) प्रेम कुमार तामाङको बुहारी सन्त कुमार तामाङको छोरी राज कुमार तामाङको पत्नी सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ३ हाल, इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **आशा तामाङ** (ना.प्र.नं. : ६१९२४/९२९२४ जारी मिति र जिल्ला : २०६१/०८/०१, सुनसरी)

३) मकर वहादुर तामाङको बुहारी नर बहादुर तामाङको छोरी प्रेम कुमार तामाङको पत्नी भोजपुर जिल्ला वोया वडा नं. ४ हाल, सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ४ बस्ने **जमुना माया तामाङ** (ना.प्र.नं. : १४३४/१७४३ जारी मिति र जिल्ला : २०४०/१२/१९, भोजपुर)

४) शाखा कार्यालय : तम्घास शाखा — **कर्जा शीर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण

नाम : **श्री विश्वकर्मा इन्जिनियरिङ्ग वर्कशप** प्राइभेट फर्म धनी : सन्तोष वि.क प्रा.फ.दर्ता.नं. : ३८५२/०७६-०७६ दर्ता मिति : २०७६/०८/०४ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति रजिष्टर्ड ठेगाना : गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ८ स्थायी लेखा नं. : ६१२४७४७०३

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) कुष्ण वहादुर कामीको नाति खग वहादुर कामीको छोरा गुल्मी जिल्ला तम्घास वडा नं. ५ हाल, रेसुङ्गा न.पा. वडा नं. ८ बस्ने **सन्तोष वि.क.** (ना.प्र.नं. : ४६०२८ जारी मिति र जिल्ला : २०६१/०८/२१, गुल्मी)

२) धन वहादुर कामीको छोरी कुष्ण वहादुर कामीको बुहारी सन्तोष वि.क.को पत्नी गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ८ बस्ने **सुन्तली वि.क.** (ना.प्र.नं. : ४११००१-६५६९६ जारी मिति र जिल्ला : २०६४/०१/३१, गुल्मी)

५) शाखा कार्यालय : लहान शाखा — **कर्जा शीर्षक : व्यवसायिक फलेक्सी आवधिक कर्जा**

ऋणीको विवरण

नाम : **मेटल ट्रेडिङ्ग कन्सर्न** प्रोप्राइटरको नाम : प्रविश कुमार महतो प्रा.फ.र.नं. : ५१७/०६४/०६५ दर्ता मिति : २०६५/०२/१२ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय रजिष्टर्ड ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. ७ स्थायी लेखा नं. : ३०१०३१५६७

प्रोप्राइटरको विवरण

शिव महतोको नाति राज लाल महतोको छोरा सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **प्रविश कुमार महतो** (ना.प्र.न. : ५२६०५९६०/१६७ जारी मिति र जिल्ला : २०३९/०८/२५, सिरहा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) राज लाल महतोको बुहारी प्रविश कुमार महतोको पत्नी सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **चन्दा महतो** (ना.प्र.न. : १५३००५/२८ जारी मिति र जिल्ला : २०६३/१२/२६, सिरहा)

२) शिव महतोको नाति राज लाल महतोको छोरा सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **प्रविश कुमार महतो** (ना.प्र.न. : ५२६०५९६०/१६७ जारी मिति र जिल्ला : २०३९/०८/२५, सिरहा)

३) राज लाल महतोको नाति प्रविश कुमार महतोको छोरा सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **निमेश कुमार महतो** (ना.प्र.न. : ५२६०८१९९ जारी मिति र जिल्ला : २०५६/१०/१०, सिरहा)

६) शाखा कार्यालय : लहान शाखा — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण

शिव महतोको नाति राज लाल महतोको छोरा सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **प्रविश कुमार महतो** (ना.प्र.न. : ५२६०५९६०/१६७ जारी मिति र जिल्ला : २०३९/०८/२५, सिरहा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) राज लाल महतोको बुहारी प्रविश कुमार महतोको पत्नी सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **चन्दा महतो** (ना.प्र.न. : १५३००५/२८ जारी मिति र जिल्ला : २०६३/१२/२६, सिरहा)

२) राज लाल महतोको नाति प्रविश कुमार महतोको छोरा सिरहा जिल्ला लहान वडा नं. ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **निमेश कुमार महतो** (ना.प्र.न. : ५२६०८१९९ जारी मिति र जिल्ला : २०५६/१०/१०, सिरहा)

३) राज लाल महतोको नाति प्रविश कुमार महतोको छोरा सिरहा जिल्ला लहान वडा नं ६ हाल, लहान न.पा. वडा नं ६ बस्ने **नितेश कुमार महतो** (ना.प्र.न. : ५२६०-९१७१ जारी मिति र जिल्ला : २०६१/१०/०१, सिरहा)

४) प्रविश कुमार महतोको बुहारी नितेश कुमार महतोको पत्नी सुनसरी जिल्ला श्रीपुरजब्दी वडा नं ७ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. ६ बस्ने **अनिता महतो** (ना.प्र.न. : ३०१/५९ जारी मिति र जिल्ला : २०६६/०३/०१, काभ्रेपलाञ्चोक)

७) शाखा कार्यालय : लहान शाखा — **कर्जा शीर्षक : घर घडेरी कर्जा**

ऋणीको विवरण

तेज बहादुर कार्कीको छोरी भक्त बहादुर सुतारको बुहारी टिका बहादुर सुतारको पत्नी धनकुटा जिल्ला भेडेटार वडा नं. ४ हाल, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. १६ बस्ने **चन्द्रकला सुतार** (ना.प्र.नं. : ०७३०१४/१६ जारी मिति र जिल्ला : २०६३/११/२५, धनकुटा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) जंगविर कार्कीको नाति तेज बहादुर कार्कीको छोरा सुनसरी जिल्ला धरान वडा नं. १६ हाल, धरान उ.म.न.पा. वडा नं. १६ बस्ने **कृष्ण बहादुर कार्की** (ना.प्र.नं. : ३७३८५/०६४/६५ जारी मिति र जिल्ला : २०६५/०३/०३, सुनसरी)

२) जागिरमान राईको नाति सुर्य बहादुर राईको छोरा सुनसरी जिल्ला हाँसपोसा वडा नं. २ हाल, धरान उ.म.न.पा. वडा नं. १६ बस्ने **नगेन्द्र राई** (ना.प्र.नं. : १२४९१/१४४९१ जारी मिति र जिल्ला : २०४८/०५/१८, सुनसरी)

८) शाखा कार्यालय : आदर्शनगर शाखा — **कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

ऋणीको विवरण

नाम : **अभिराज इन्टरप्राइजेज** प्रोप्राइटरको नाम : भिम चौरसिया प्रा.फ.र.नं. :४२५८५/०७८/७९ दर्ता मिति : २०७८/०७/०८ दर्ता गर्ने कार्यालय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज रजिष्टर्ड ठेगाना : पर्सा जिल्ला वीरगंज म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६१७०८५६९६

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) विश्वनाथ प्रसाद राउत बरैको नाति रामाकान्त प्रसाद चौरसियाको छोरा पर्सा जिल्ला वीरगंज म.न.पा वडा नं. १६ बस्ने **भिम चौरसिया** (ना.प्र.नं. : ३४-०१-७५-०५९१३ जारी मिति र जिल्ला : २०७५/०५/१२, पर्सा)

२) रमेश प्रसाद बरैको छोरी रामाकान्त प्रसाद चौरसियाको बुहारी भिम चौरसियाको पत्नी पर्सा जिल्ला वीरगंज म.न.पा वडा नं. १६ बस्ने **निर्मला कुमारी चौरसिया** (ना.प्र.नं. : ३४-०१-७९-०४४५९ जारी मिति र जिल्ला : २०७९/०४/१०, पर्सा)

३) बद्री नाथ भगत बरैको छोरी विश्वनाथ प्रसाद राउत बरैको बुहारी रामाकान्त प्रसाद चौरसियाको पत्नी पर्सा जिल्ला वीरगंज वडा नं. १९ हाल, वीरगंज म.न.पा वडा नं. १६ बस्ने **बबिता देवी चौरसिया** (ना.प्र.नं. : ३४१०२२/१२४६० जारी मिति र जिल्ला : २०६७/०८/१९, पर्सा)

४) विश्वनाथ प्रसाद राउत बरैको नाति रामाकान्त प्रसाद चौरसियाको छोरा पर्सा जिल्ला वीरगंज म.न.पा वडा नं. १६ बस्ने **दिपेश चौरसिया** (ना.प्र.नं. : ३४-०१-७८-०६९१० जारी मिति र जिल्ला : २०७८/०७/१४, पर्सा)

९) शाखा कार्यालय : तम्घास शाखा — **कर्जाको शिर्षक : साधारण कर्जा**

ऋणीको विवरण

धन वहादुर कामीको छोरी कुष्ण वहादुर कामीको बुहारी सन्तोष वि.क.को पत्नी गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ८ बस्ने **सुन्तली वि.क.** (ना.प्र.नं. : ४११००१-६५६९६ जारी मिति र जिल्ला : २०६४/०१/३१, गुल्मी)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) खग वहादुर कामीको नाति कुष्ण वहादुर कामीको छोरा गुल्मी जिल्ला गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ८ बस्ने **सन्तोष वि.क** (ना.प्र.नं. : ४६०२८ जारी मिति र जिल्ला : २०६१/०८/२१, गुल्मी)

२) लल वहादुर सुनारको नाति टेक वहादुर सुनारको छोरा गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ४ हाल, इश्मा गा.पा. वडा नं. १ बस्ने **प्रदिप सुनार** (ना.प्र.नं. : ४१-०१-७३-००१८४ जारी मिति र जिल्ला : २०७३/०६/०८, गुल्मी)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीको विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना

यस कार्यालयको मिति २०६६/०५/१२ मा दर्ता भएको **प्रा. लि. नं. ६५५७१** को **ग्रिन ल्याण्ड कम्पनी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

३५ दिने हकदावी गर्न आउने सार्वजानिक सूचना

२०७३/०८/०६ मा दर्ता भएको यस **कुबेर अटोमोवाइल प्रा.लि.** (प्रा.लि.नं. १५८७४०/०७३/०७४) लाई मिति २०८३/०५/०९ गते बसेको बिशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाइ स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्तामा कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण

प्रभाव दैनिक
National Daily

सम्पादकीय

कागजी गफले हुँदैन बिजुली खपत

मुलुकमा बर्खायाम सुरु भएसँगै नदीनालामा जलस्तर बढेर जलविद्युत् आयोजनाहरू पूर्ण क्षमतामा सञ्चालन हुन्छन् । हाल मुलुकको जडित विद्युत् क्षमता तीन हजार मेगावाटभन्दा माथि पुगिसकेको र आन्तरिक माग औसत दुई हजार मेगावाट वरपर सीमित हुँदा बर्खायाममा दैनिक सयौं मेगावाट बिजुली बढी भई खेर जाने अवस्था सिर्जना भइरहेको छ । जलस्रोतको अपार सम्भावना भएको देशमा यसरी बिजुली खेर जानु राष्ट्रिय अर्थतन्त्रका लागि ठूलो घाटा हो ।

यही पृष्ठभूमिमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बर्खायामको अतिरिक्त विद्युत् स्वदेशमै खपत गराउन मौसमी महसुल र धेरै खपत गर्ने उद्योगलाई सहुलियत दिने बताएका छन् । तर, मन्त्रीको यो आश्वासन र सरकारको वास्तविक नीतिगत व्यवहार भने आपसमा मेल खान सकिरहेको छैन । एकातर्फ, ऊर्जा मन्त्रालय उद्योगहरूमा निरन्तर, गुणस्तरीय बिजुली उपलब्ध गराउने, पूर्वाधार विस्तार गर्ने र खपत बढाउन विद्युत् महसुललाई व्यावहारिक बनाउने घोषणा गर्दछ । अर्कोतर्फ, बजेटमार्फत विद्युत् खपतमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने निर्णय गरिएको छ । यो कर नीतिले खपत बढाउने सरकारी रणनीतिलाई नै ठाडो चुनौती दिएको छ । जब विद्युत् प्रयोग गर्दा करको दायरा बढ्छ र उद्योगहरूमा डिमाण्ड शुल्कको अतिरिक्त भार कायम रहन्छ, तब उद्योगी तथा आमउपभोक्ता विद्युत् खपत बढाउन कसरी प्रोत्साहित हुन सक्छन् ?

नीतिगत विरोधाभासका कारण आन्तरिक खपत सोचेअनुसार बढ्न सकेको छैन । विद्युत् प्राधिकरण र ऊर्जा मन्त्रालयले विद्युत् खपत बढाउने कुरा गरिरहँदा औद्योगिक क्षेत्रमा प्रसारण लाइन बिस्तार, सबस्टेसन तथा पूर्वाधार निर्माण सुस्त हुनुले आपूर्ति प्रणाली भरपर्दो हुन सकेको छैन । पाँचदेखि ५० मेगावाटसम्म विद्युत् खपत गर्न लगानी गर्न तयार रहेका उद्योगहरू पूर्वाधार र स्पष्ट नीतिको अभावमा रोकिएका छन् । उत्पादित बिजुली स्वदेशमै विद्युतीय गाडी, इन्डक्सन चुल्हो र स्वदेशी उद्योगहरूमा खपत गराउन सकिए इन्धन आयात घट्नुका साथै व्यापार घाटा कम गर्न ठूलो मद्दत पुग्छ ।

दोस्रो महत्त्वपूर्ण पाटो निर्यात हो । नेपालले आर्थिक वर्ष २०८२/८३ मा भारत र बंगलादेशतर्फ २९ अर्ब ३२ करोड रूपैयाँबराबरको विद्युत् निर्यात गरी करिब १८ अर्ब ७६ करोड रूपैयाँको खुद नाफा कमाएको तथ्यांक छ । यो सुखद उपलब्धि भए पनि भारतसँगको क्रस-बोर्डर प्रसारणलाइन क्षमता (जस्तैः ढल्केबर-मुजफ्फरपुर) र आयोजनागत स्वीकृति प्रक्रिया सुस्त हुँदा वर्षायाममा उत्पादन हुने सबै अतिरिक्त बिजुली निर्यात गर्न अझै सम्भव भएको छैन । बंगलादेशतर्फ ४० मेगावाट निर्यात सुरु भए पनि पूर्वाधार र त्रिदेशी सहमति सुदृढ नहुँदा ठूलो परिमाणमा बजार विस्तार हुन सकेको छैन ।

तसर्थ, सरकारले गफ र आश्वासनमात्र दिएर हुँदैन । विद्युत् खपत बढाउने हो भने बिजुलीमा लगाइएको अव्यावहारिक भ्याट र उद्योगीहरूलाई सताइरहेको डिमाण्ड शुल्क तत्काल पुनरवलोकन वा खारेज गरिनुपर्छ । उद्योगहरूलाई पाँचदेखि ५० मेगावाटसम्म अतिरिक्त बिजुली प्रयोग गर्न दिइनेगरी पूर्वाधार र प्रसारणलाइन अविलम्ब खडा गरिनुपर्छ ।

साथै, भारत र बंगलादेशसँग थप प्रसारण क्षमता शीघ्र सम्पन्न गरी बर्खायाममा एक युनिट पनि बिजुली खेर नजाने वातावरण बनाउनुपर्छ । जलविद्युत् नेपालको आर्थिक समृद्धिको बलियो आधार हो । मन्त्री र प्रशासनिक नेतृत्वले भाषणमा दिने आश्वासनलाई व्यवहारमा परिणत गर्नुपर्छ । नीतिहरू कागजमै खुम्चिने र विद्युत् प्रणालीमा खेर जाने अवस्थाको अन्त्य गर्न सरकारले आन्तरिक खपत प्रोत्साहन र वैदेशिक निर्यात बढाउने ठोस, पारदर्शी र व्यावहारिक कदम तत्काल चालोस् ।

श्रम सरोकार

साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ । जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ । अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ ।

मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने । मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने । सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने ।

आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने । यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस् । तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस् ।

अब्शेर खाताको जानकारी सुरक्षित राख्ने

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने । अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमागनुहोस् । कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने । आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने । प्रायोजक (स्पोन्सर), एचआर कर्मचारी, वा अन्य जो सुकै भए पनि आफ्नो फोनको प्रयोग गर्न अरुलाई नदिने ।

सत्ता र पत्रकारिताको सीमारेखा

❑ सरोज चौलागाईं

> सत्तामा रहेकाले आलोचना सुन्न नसक्नुको एउटा कारण आत्मविश्वासको कमी हुन सक्छ । अर्को कारण सत्ता वरिपरि बनेको प्रशंसकको घेरा हुन सक्छ । जब शासकका वरिपरि सबैले 'ठीक छ' मात्र भन्न थाल्छन्, त्यहाँ वास्तविक समस्या देखिन छाड्छ । सत्ता आफैंलाई लोकप्रिय ठान्न थाल्छ । गल्तीलाई उपलब्धि सम्झन थाल्छ । आलोचनालाई षडयन्त्र देख्न थाल्छ । यहीँबाट सत्ता र जनताबीच दूरी बढ्छ । त्यसैले कहिलेकाहीँ कठोर पत्रकारिता सत्ताका लागि असहज भए पनि देश र जनताका लागि उपयोगी हुन्छ ।

सत्ता र पत्रकारिताको सम्बन्ध कहिल्यै सौहार्द्र हुँदैन । यो सम्बन्धमा न त स्थायी मित्रता हुन्छ, न स्थायी दुश्मनी । एउटा पक्षसँग राज्यको शक्ति हुन्छ, अर्को पक्षसँग प्रश्न गर्ने शक्ति । एउटा पक्ष निर्णय गर्छ, अर्को पक्ष ती निर्णयको निष्पक्षता खोज्छ । लोकतन्त्रको स्वास्थ्य यही दुई शक्तिबीचको दूरी, संवाद र सन्तुलनले निर्धारण गर्छ ।

त्यसैले सत्तामा बसेकालाई प्रश्न गर्नु पत्रकारिताको दुस्साहस होइन । बरु त्यो पत्रकारिताको आधारभूत जिम्मेवारी हो । प्रश्न गलत भए तथ्यले खण्डन गर्न सकिन्छ, समाचार गलत भए कानुनी बाटो रोज्न सकिन्छ, पत्रकारले सीमा नाघे प्रेस काउन्सिल वा अदालतको ढोका ढकढक्याउन सकिन्छ । तर प्रश्न नै गर्न नदिने वातावरण निर्माण गर्नु भने लोकतान्त्रिक शासनको चरित्रसँग मेल खाँदैन ।

नेपालको पछिल्लो राजनीतिक यात्राले एउटा रोचक दृश्य देखाएको छ । हिजो सत्ताका शक्तिशाली व्यक्तिहरूलाई सार्वजनिक मञ्चबाट प्रश्न गर्नेहरू आज आफैं राज्यसत्ताको जिम्मेवारीमा पुगेका छन् । भूमिकाको यो परिवर्तनसँगै उनीहरूमाथि उठ्ने प्रश्नको प्रकृति पनि बदलिएको छ । यहींबाट एउटा स्वाभाविक प्रश्न उठ्छ- हिजो आफूले अरूलाई प्रश्न गर्दा जसलाई लोकतन्त्रको अभ्यास भनिन्थ्यो, आज आफूमाथि त्यही प्रश्न उठ्दा त्यसलाई आक्रमण किन मान्ने ?

यो प्रश्न कुनै एक व्यक्ति वा एउटा राजनीतिक समूहकोमात्र होइन । यो नेपाली लोकतन्त्रको संस्कारसँग जोडिएको प्रश्न हो ।

पत्रकारबाट सत्तासम्मको यात्रा

रवि लामिछानेको सार्वजनिक परिचय पत्रकारिताबाट बनेको हो । सञ्चारकर्मीका रूपमा उनले राज्यका निकाय, राजनीतिक नेतृत्व र सार्वजनिक संस्थाहरूलाई कठोर प्रश्न गर्ने शैली स्थापित गरे । उनका कार्यक्रमले धेरैपटक जनताको गुनासो, पीडा र राज्यसँगको असन्तुष्टि सार्वजनिक बहसमा ल्याए । त्यतिबेला उनलाई धेरैले निर्भीक पत्रकारका रूपमा हेरे । कतिपयले उनको शैलीमाथि प्रश्न पनि उठाए । पत्रकारिता कति आक्रामक हुनुपर्छ, समाचार र अभियानबीचको सीमा कहाँसम्म हो, सार्वजनिक चासो र निजी जीवनको सीमारेखा के हो- यी बहसहरू पनि सँगसँगै चले ।

तर एउटा कुरा निर्विवाद छ- उनको पत्रकारिताले नेपाली समाजमा प्रश्न गर्ने संस्कारलाई लोकप्रिय बनायो । आज उनी पत्रकारको भूमिकामा छैनन् । उनी राजनीतिको मूलधारमा छन् र सार्वजनिक जिम्मेवारीमा छन् । यससँगै उनको भूमिकाको मूल्यांकन गर्ने मापदण्ड पनि बदलिएको छ । पत्रकारका रूपमा उनले अरूलाई सोधेका प्रश्न अब उनी आफैंले सुन्नुपर्ने हुन्छ । यो लोकतन्त्रको सामान्य नियम हो ।

राजनीतिमा प्रवेश गरेपछि कुनै व्यक्तिले आफ्नो विगतको लोकप्रियता साथमा लिएर हिँड्न सक्छ, तर त्यसले उसलाई वर्तमानको जवाफदेहिताबाट छुट दिँदैन । बरु विगतमा आफूले जनतालाई सिकाएको प्रश्न गर्ने संस्कार अहिले आफूले पनि स्वीकार गर्नुपर्ने नैतिक जिम्मेवारी अझ बढी हुन्छ ।

किशोर श्रेष्ठ र प्रश्न गर्ने पत्रकारिताको प्रसंग

कुनै पत्रकारले सत्ता वा शक्तिमाथि प्रश्न उठाउँदा सबैभन्दा पहिले समाचारको तथ्य जाँचिनुपर्छ । पत्रकारको नाम, राजनीतिक झुकाव वा व्यक्तिगत सम्बन्ध हेरेर समाचारको सत्यता निर्धारण गर्न थालियो भने पत्रकारिता निष्पक्ष बहसबाट बाहिर जान्छ । किशोर श्रेष्ठलगायतका पत्रकारले सत्तासँग प्रश्न गरिरहेका छन् भने त्यो प्रश्नको उत्तर तथ्यले दिनुपर्छ । उनीहरूको समाचार सही छ भने सत्ता असहज भए पनि त्यसलाई स्वीकार गर्नुपर्छ । गलत छ भने तथ्यसहित खण्डन गर्नुपर्छ ।

तर 'यो पत्रकार हाम्रो पक्षमा छैन' भन्ने निष्कर्ष निकालेर समाचारको वैधता अस्वीकार गर्ने हो भने भोलि यही प्रवृत्ति अर्को सत्ताले अर्को पत्रकारमाथि प्रयोग गर्ने छ । राजनीतिमा सबैभन्दा ठूलो जोखिम यही हो- आफ्नो पक्षमा हुँदा स्वतन्त्रता, विपक्षमा हुँदा अनुशासन । प्रेस स्वतन्त्रता कुनै दलको घोषणापत्रमा लेखिएको सुविधा होइन । यो नागरिकको संवैधानिक अधिकारसँग जोडिएको विषय हो । त्यसैले पत्रकारले कसको पक्षमा मतदान गऱ्यो भन्नेभन्दा उसले समाचारमा के लेख्यो भन्ने महत्त्वपूर्ण हुनुपर्छ ।

दोहोरो मापदण्डले लोकतन्त्रमा पार्ने प्रभाव

हाम्रो राजनीतिक बहसमा एउटै घटनालाई दुईवटा चश्माले हेर्ने प्रवृत्ति पुरानै हो । आफ्नो नेतामाथि प्रश्न उठ्यो भने 'षडयन्त्र', विपक्षीमाथि प्रश्न उठ्यो भने 'सत्य उद्घाटन' । आफ्नो पक्षको पत्रकारले कडा समाचार लेख्यो भने 'निर्भीकता', अर्को पक्षको पत्रकारले त्यही शैली अपनायो भने 'पूर्वाग्रह' ।

यही मानसिकताले पत्रकारितामात्र होइन, सार्वजनिक बहसको स्तर पनि कमजोर बनाएको छ । लोकतन्त्रमा आफ्नो पक्षका लागि मागिएको अधिकार विपक्षीका लागि पनि स्वीकार गर्न सक्ने क्षमता हुनुपर्छ । यदि प्रेस स्वतन्त्रता आफ्नो पक्षका लागिमात्र चाहिने हो भने त्यो प्रेस स्वतन्त्रता होइन, राजनीतिक सुविधा हो ।

आज रविका समर्थकहरूले प्रेस स्वतन्त्रताको पक्षमा बोल्छन् भने त्यो स्वागतयोग्य हो । तर त्यही स्वतन्त्रता किशोर श्रेष्ठ वा आफूलाई आलोचना गर्ने अर्को पत्रकारका लागि पनि स्वीकार गर्न सक्नुपर्छ । त्यसैगरी पत्रकारले पनि आफूलाई मनपर्ने राजनीतिक शक्तिमाथि मात्रै होइन, आफूले समर्थन नगरेको पक्षमाथि पनि समान मापदण्ड प्रयोग गर्नुपर्छ । निष्पक्षता भनेको कसैलाई खुसी बनाउनु होइन । निष्पक्षता भनेको सबैलाई एउटै तराजुमा राख्नु हो ।

मृत्युका घटनालाई राजनीतिक अस्त्र बनाउने कि सत्य खोज्ने ?

नेपाली सार्वजनिक जीवनमा केही घटनाले लामो समयसम्म प्रश्न जन्माएका छन् । सञ्चारकर्मी सालिकराम पुडासैनीको मृत्यु त्यसैमध्ये एक संवेदनशील घटना हो । यस्ता घटनामा समाजको चासो हुनु स्वाभाविक हो । अनुसन्धानप्रति प्रश्न उठ्नु पनि अस्वाभाविक होइन । तर कुनै व्यक्तिको मृत्युको प्रसंगलाई राजनीतिक आरोप-प्रत्यारोपको हतियार बनाउँदा अत्यन्त सावधानी आवश्यक हुन्छ । कुनै व्यक्तिसँग काम गरेको थियो भन्दैमा उसको मृत्युको नैतिक वा कानुनी जिम्मेवारी स्वत: अर्को व्यक्तिमाथि जाँदैन ।

त्यस्तै, कुनै व्यक्तिमाथि शंका उठ्यो भन्दैमा उसलाई प्रमाणविना दोषी ठहर गर्न पनि मिल्दैन । पत्रकारितालेप्रश्न गर्न सक्छ । अनुसन्धान निकायले अनुसन्धान गर्न सक्छ । अदालतले प्रमाणका आधारमा फैसला गर्न सक्छ । तर सामाजिक सञ्जालको भीडले फैसला सुनाउने परम्परा लोकतान्त्रिक न्याय प्रणालीका लागि खतरनाक हुन्छ । मृत्युको घटना राजनीतिक बहसमा आउँदा पहिलो प्राथमिकता सत्य र न्याय हुनुपर्छ, राजनीतिक लाभ होइन ।

सार्वजनिक बहसमा कुनै मृत व्यक्तिको नाम प्रयोग गर्दा अतिरिक्त संवेदनशीलता आवश्यक हुन्छ । श्रीषा कार्कीको प्रसंग पनि यही संवेदनशीलताको विषय हो । कुनै घटनासँग सम्बन्धित प्रश्न छन् भने तथ्यका आधारमा उठाउन सकिन्छ । तर मृत व्यक्तिको व्यक्तिगत जीवनलाई राजनीतिक प्रतिस्पर्धामा हतियार बनाएर कसैको चरित्रमाथि प्रहार गर्नु पत्रकारिता वा राजनीति दुवैका लागि उचित अभ्यास होइन ।

मृत व्यक्ति आफ्नो पक्ष राख्न सक्दैन । उसको परिवारले प्रत्येक आरोपको जवाफ दिन सक्दैन । त्यसैले यस्ता विषयमा शब्द चयनदेखि निष्कर्षसम्म विशेष सावधानी आवश्यक हुन्छ । कुनै घटनामा अपराध भएको छ भने त्यसको अनुसन्धान हुनुपर्छ । अन्याय भएको छ भने न्याय हुनुपर्छ । तर प्रमाण नपुगेको अवस्थामा राजनीतिक आरोपलाई तथ्यको रूपमा प्रस्तुत गर्नु हुँदैन । पत्रकारिताको शक्ति सनसनीमा होइन, प्रमाणमा हुन्छ ।

सार्वजनिक पद, निजी जीवन र मर्यादा

सार्वजनिक पदमा बसेका मानिसको निजी जीवन पनि हुन्छ । उसलाई व्यक्तिगत स्वतन्त्रताको अधिकार हुन्छ । तर सार्वजनिक जिम्मेवारीसँग जोडिएको आचरण सार्वजनिक प्रश्नको विषय बन्न सक्छ । यही सीमा पत्रकारिताका लागि पनि महत्त्वपूर्ण छ । कसैको निजी जीवन केवल जिज्ञासा पूरा गर्न सार्वजनिक गर्नु पत्रकारिता होइन । तर सार्वजनिक पद, सरकारी स्रोत, पदको मर्यादा वा सार्वजनिक जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयमा प्रश्न उठाउनु पत्रकारिताको अधिकार हो ।

यो सीमा नबुझ्दा दुईवटा अतिवाद जन्मिन्छन् । पहिलो- सार्वजनिक व्यक्ति भएकाले उसको कुनै निजी अधिकार छैन भन्ने सोच । दोस्रो-सार्वजनिक पदमा बसे पनि उसको कुनै व्यवहारमाथि प्रश्न गर्न पाइँदैन भन्ने सोच । यी दुवै गलत हुन् । सही बाटो सार्वजनिक हित र व्यक्तिगत अधिकारबीचको सन्तुलन हो ।

प्रश्नसँग डराउने सत्ता

सत्तामा रहेकाले आलोचना सुन्न नसक्नुको एउटा कारण आत्मविश्वासको कमी हुन सक्छ । अर्को कारण सत्ता वरिपरि बनेको प्रशंसकको घेरा हुन सक्छ । जब शासकका वरिपरि सबैले 'ठीक छ' मात्र भन्न थाल्छन्, त्यहाँ वास्तविक समस्या देखिन छाड्छ । सत्ता आफैंलाई लोकप्रिय ठान्न थाल्छ । गल्तीलाई उपलब्धि सम्झन थाल्छ । आलोचनालाई षडयन्त्र देख्न थाल्छ । यहींबाट सत्ता र जनताबीच दूरी बढ्छ । त्यसैले कहिलेकाहीँ कठोर पत्रकारिता सत्ताका लागि असहज भए पनि देश र जनताका लागि उपयोगी हुन्छ । किनकि आलोचनाले सत्तालाई आफ्नो कमजोरी देखाइरहेको हुन्छ ।

सत्तालाई प्रश्न गर्ने पत्रकारिताले पनि आफ्नो आत्मसमीक्षा गर्नुपर्छ । पत्रकारले स्रोतको विश्वसनीयता जाँच्नुपर्छ । आरोप र तथ्य छुट्याउनुपर्छ । निजी जीवन र सार्वजनिक हितको सीमा बुझ्नुपर्छ । गल्ती भए स्वीकार गर्नुपर्छ । पत्रकारले आफ्नो गल्ती स्वीकार नगर्ने हो भने सत्तासँग जवाफदेहिता माग्ने उसको नैतिक आधार कमजोर हुन्छ । त्यसैले प्रेस स्वतन्त्रता र जिम्मेवार प्रेस एउटै सिक्काका दुई पाटा हुन् ।

पत्रकारले सरकारको राम्रो कामको समाचार लेख्नु पनि पत्रकारिता हो । सरकारले जनताको पक्षमा राम्रो नीति ल्यायो भने त्यसको प्रशंसा गर्नुपर्छ । पत्रकारको धर्म सत्ता गिराउनु वा बचाउनु होइन । उसको धर्म सूचना दिनु, प्रश्न उठाउनु र सार्वजनिक हितमा सत्यको खोजी गर्नु हो ।

पाठक मञ्च

बालिका बलात्कार तथा हत्याका घटना र राज्यको लाचारिपन

तीन वर्षीया अबोध बालिका गरिमा चौधरीको बलात्कार तथा निर्मम हत्याको घटना र तत्सम्बन्धी बहसले सिंगो देशलाई फेरि एकपटक स्तब्ध र आक्रोशित बनाएको छ । उमेरले कोपिलाजस्तै फक्रिनुपर्ने, आमाको काखमा रमाउनुपर्ने र भर्खर तोतेबोली बोल्नुपर्ने उमेरकी बालिकामाथि भएको यस्तो जघन्य र पासविक अपराधले हाम्रो समाज कुन दिशातिर जाँदै छ भन्ने गम्भीर प्रश्न खडा गरेको छ । यो केवल एउटा परिवारमा परेको वज्रपातमात्र होइन, राज्यको सुरक्षा संयन्त्र र न्यायिक प्रणालीमाथिको ठूलो झापड पनि हो ।

संसद्मा सांसदहरूले यस घटनालाई लिएर व्यक्त गरेको आक्रोश र कानुन परिमार्जनको माग पक्कै पनि स्वागतयोग्य छ । तर विडम्बना के छ भने नेपालमा यस्ता घटनापछि केही दिन संसद्मा रोदन र आक्रोश पोखिने, मिडियामा बहस हुने र त्यसपछि बिस्तारै विषय ओझेलमा पर्ने परिपाटी नै बसिसकेको छ । कञ्चनपुरकी निर्मला पन्तको बलात्कार र हत्या भएको वर्षौं बितिसक्दा पनि अपराधी पत्ता लाग्न नसक्नु, इनिशा विकजस्ता थुप्रै बालिकाहरूले ज्यान गुमाउनुपर्नु र आज फेरि गरिमा चौधरीको घटना दोहोरिनुले हाम्रा कानुन र न्याय प्रणालीको निष्प्रभावितालाई नांगो रूपमा छर्लंग पारेको छ ।

अहिले संसद्मा अपराधीलाई मृत्युदण्डको सजाय दिइनुपर्छ भन्ने आवाज पनि जोडतोडले उठेको छ । नागरिक तहमा पनि यस्ता क्रूर अपराधीलाई फाँसी दिनुपर्छ भन्ने जनमत प्रबल छ । यद्यपि, नेपालको वर्तमान संविधान र नेपालले हस्ताक्षर गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूका कारण मृत्युदण्डको कानुनी व्यवस्था गर्न सम्भव देखिँदैन । तर, समस्या केवल मृत्युदण्डको प्रावधान नहुनुमामात्र सीमित छ त ? यो नै आजको मुख्य प्रश्न हो ।

हाम्रो मौजुदा मुलुकी अपराध संहिताले बलात्कारपछि हत्या गर्ने कसुरदारलाई जीवित रहेसम्म कैद (पूर्ण जन्मकैद) को कडा व्यवस्था गरेको छ । कानुनीरूपमा यो सजाय पनि कम कडा होइन । तर मुख्य समस्या भनेको कानुनको पालना, अनुसन्धानको फितलोपन र राजनीतिक संरक्षणबाट उत्पन्न दण्डहीनता हो । अपराध भएपछि प्रहरी अनुसन्धान कत्तिको निष्पक्ष हुन्छ ? प्रमाणहरू कसरी संकलन गरिन्छन् ? र, अदालतबाट कति छिटो न्याय निरूपण हुन्छ भन्ने कुराले अपराधीको मनोबल घटाउने वा बढाउने निर्धारण गर्छ । जब अपराधीहरूले राजनीतिक पहुँच वा प्रणालीको कमजोरीको फाइदा उठाएर उम्कन सकिन्छ भन्ने देख्छन्, तब उनीहरूमा अपराध गर्ने हिम्मत आउँछ ।

तसर्थ, अब बहस केवल 'सजाय कति वर्षको दिने' भन्नेमामात्र सीमित हुनु हुँदैन । यसका लागि राज्यले निम्न कदमहरू तत्काल चाल्नु अपरिहार्य भइसकेको छ:

- अनुसन्धान प्रणालीलाई राजनीतिक हस्तक्षेपबाट सर्वथा मुक्त राखिनुपर्छ । प्रहरीको वैज्ञानिक अनुसन्धान क्षमता, डिएनए परीक्षण र प्रमाण संकलनको दायरालाई आधुनिक र प्रविधियुक्त बनाइनुपर्छ ।
- महिला तथा बालिकामाथि हुने जघन्य अपराधका मुद्दाहरूलाई वर्षौंसम्म अदालतमा अल्झाएर राख्ने परिपाटीको अन्त्य गरिनुपर्छ । यस्ता मुद्दाका लागि विशेष द्रुत अदालतको गठन गरी बढीमा तीनदेखि छ महिनाभित्र अन्तिम फैसला हुने कानुनी ग्यारेन्टी गरिनुपर्छ ।
- जुनसुकै दल वा पहुँचको व्यक्ति भए पनि अपराधीलाई राजनीतिक संरक्षण नदिने सर्वदलीय प्रतिबद्धता हुनुपर्छ ।
- विद्यालय तहदेखि नै लैंगिक हिंसा, यौन दुर्व्यवहार र बालबालिकाको सुरक्षासम्बन्धी व्यावहारिक शिक्षा अनिवार्य गरिनुपर्छ । समाजमा रहेका आपराधिक विकृतिहरू विरुद्ध टोल-टोलमा सचेतना अभियान चलाउनुपर्छ ।

अन्त्यमा, यदि गरिमा चौधरी, निर्मला पन्त र इनिशा विकजस्ता अबोध बालिकाहरूले आफ्नो देशभित्रै सुरक्षित रहन पाउँदैनन् भने राज्य हुनुको औचित्यमाथि सधैं प्रश्न उठिरहने छ । सांसद्ले केवल भावनामा बगेर भाषण गर्नेमात्र होइन, सरकारलाई दबाब दिएर अनुसन्धान प्रणाली सुधार्ने र कानुनको कडा कार्यान्वयन गराउनेतर्फ ठोस कदम चालोस् ।

- **कल्पना खनाल, अधिवक्ता**
कुमारीपाटी, ललितपुर

पोखरा बसपार्कका ३२५ परिवार भूमिहीन

कास्की– पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित प्रस्तावित पोखरा बसपार्क क्षेत्रमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको अन्तिम विवरण टुंगो लागेको छ।

महानगरले बसपार्कमा बसोबास गरिरहेकालाई व्यवस्थापन गर्नका लागि निवेदन दिनका लागि सूचना गरेको थियो । त्यसपछि दाबी-विरोध, संशोधन निवेदन तथा आवश्यक छानबिनपछि वडा तहको सहजीकरण समितिले तयार पारेको विवरणअनुसार ३२५ परिवार भूमिहीनको सूचीमा परेका छन् भने २४२ परिवार अव्यवस्थित बसोबासी कायम भएको महानगर प्रमुख धनराज आचार्यले बताए ।

उनका अनुसार प्रारम्भिकरूपमा भूमिहीन दलितका २००, भूमिहीन सुकुमबासीका २४८ र अव्यवस्थित बसोबासीका ११६ निवेदन प्राप्त भएका थिए । वडाले सार्वजनिक गरेको सूचनाअनुसार दाबी विरोध तथा संशोधनका लागि प्राप्त निवेदनमाथि आवश्यक छानबिन र परीक्षण सम्पन्न भएपछि अन्तिम सूचीमा परिवर्तन गरिएको हो ।

अन्तिम विवरणअनुसार १४४ परिवार भूमिहीन दलित र १८१ परिवार भूमिहीन सुकुमबासी गरी कूल ३२५ परिवार भूमिहीन कायम भएका छन् । त्यस्तै, छानबिनपछि २४२ परिवार अव्यवस्थित बसोबासीको सूचीमा परेका छन् । वडा तहको सहजीकरण समितिले दाबी-विरोध र छानबिनपछिको अन्तिम विवरण वडा समितिसमक्ष सिफारिस गरेको छ। वडा समितिको बैठकले सहजीकरण समितिको प्रतिवेदनलाई नियमानुसार ग्रहण गर्दै आवश्यक सिफारिससहित पोखरा महानगरपालिकामा पठाउने निर्णय गरेको जनाएको छ ।

महानगर प्रमुख आचार्यले बसपार्क क्षेत्रमा रहेका वास्तविक भूमिहीन तथा सुकुमबासी परिवारको व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाइने बताए । अन्तिम विवरण टुंगो लागेसँगै अब महानगरपालिकाको कार्यपालिकाबाट आवश्यक निर्णय गरी जिल्ला समितिमा सिफारिस पठाइने उनले बताए ।

'वास्तविक भूमिहीन, भूमिहीन दलित र सुकुमबासी परिवारको पहिचान गरी कानुनबमोजिम व्यवस्थापन गर्ने प्रक्रिया अब निर्णायक चरणमा पुगेको । हामी कसैलाई अन्याय नहोस् र वास्तविक पीडितले न्याय पाऊन् भन्ने उद्देश्यका साथ छानबिन र दाबी-विरोधको प्रक्रिया पूरा गरेका छौं,' प्रमुख आचार्यले भने ।

अब पोखरा महानगरपालिकाको कार्यपालिकाले उक्त प्रतिवेदनमाथि छलफल गरी यसै साता जिल्ला समितिमा सिफारिस गर्ने तयारी गरेको छ । त्यसपछि बसपार्क क्षेत्रमा वर्षौंदेखि बसोबास गर्दै आएका सुकुमबासी तथा अन्य बसोबासी परिवारको व्यवस्थापन र स्थानान्तरण प्रक्रिया औपचारिकरूपमा अघि बढ्ने छ ।

नगरप्रमुख आचार्यले प्रक्रिया समयमै सम्पन्न भएमा अर्को सातादेखि बसपार्क क्षेत्रको सुकुम्बासी बस्ती स्थानान्तरणको काम अघि बढ्ने बताए । उनले भने, 'महानगरपालिकाले सबै सरोकारवाला निकायसँग समन्वय गरेर व्यवस्थितरूपमा स्थानान्तरणको काम अघि बढाउँछ ।'

बसपार्कभित्रका सुकुमबासीले भने निष्पक्ष छानबिन गरी वास्तविक सुकुमबासीको व्यवस्थापनमा आफूहरूले सघाउने प्रतिबद्धता जनाएका छन् । भूमिहीन सुकुमबासी सरोकार समितिका संयोजक प्रेम गुरुङले विकासका लागि सुकुमबासी बाधक नबन्ने र बसपार्क खाली गर्नुअघि आफूहरूको व्यवस्थापन हुनुपर्ने बताए ।

'हाम्रो कारणलेमात्र बसपार्क बन्न नसकेको होइन । धेरै कारण छन् यसमा । हामी बसपार्क बनाउनका लागि महानगरलाई सहयोग गर्न तयार छौं । हाम्रो वैकल्पिक व्यवस्थापन पहिला हुनुपर्छ,' गुरुङले भने । पोखरामा सुविधासम्पन्न बसपार्क निर्माणका लागि वि.सं. २०३२ मा जग्गा अधिग्रहण गरिएको थियो । योजना बनेको पाँच दशकसम्म बसपार्क नबन्दा पृथ्वीचोक क्षेत्रको सडकपेटी र फुटपाथबाट नै लामो तथा छोटो दूरीका बसहरू गन्तव्यका लागि छुट्ने बाध्यता थियो ।

बसपार्कभित्रको जग्गा सुकुमबासी र अन्य केही व्यक्तिले अतिक्रमण गरेपछि बसपार्क बन्न सकेको थिएन । पछिल्लो समय महानगरले बसपार्कभित्रका व्यापारिक सटर कवलसमेत हटाएको छ । महानगरले बसपार्कको जग्गा खाली गरेपछि दातृ निकायको सहयोगमा सुविधासम्पन्न बसपार्क बनाउने योजना सार्वजनिक गरिसकेको छ । *रासस*

विपन्न बालबालिकाहरूको सहारा बन्यो गाउँपालिका

गोरखा- आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि विद्यालय शिक्षाबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यले जिल्लाको सहिदलखन गाउँपालिकाले आवाससहित शिक्षा दिने व्यवस्था गरेको छ ।

आफ्नो पालिकाभित्रका विपन्न बालबालिकालाई लक्षित गरेर गाउँपालिकाले वडा नं. ६ घैरुङ वाँसकोटस्थित हिमालय माविमा आवाससहित पढ्न पाउने व्यवस्था गरेको हो । पालिकावासीलाई शिक्षाको अधिकार सुनिश्चित गर्न हिमालय माविमा आवासीय शिक्षाको व्यवस्था गरेको पालिकाका अध्यक्ष रमेश थापा मगरले बताए । 'पालिकाभित्रका अनाथ, असहाय र आर्थिकरूपमा विपन्न बालबालिकाहरूलाई सुरक्षित आवाससहित गुणस्तरीय शिक्षा दिने उद्देश्यले छात्रावास सञ्चालनमा ल्याएका हौं,' अध्यक्ष थापाले भने ।

हाल गाउँपालिकाको हिमालय माविस्थित छात्रावासमा १३ जना बालबालिकाहरू आश्रित छन् । उनीहरूको कक्षा १० सम्मको शिक्षा र पालनपोषण सबैको जिम्मेवारी गाउँपालिकाले बेहोर्ने अध्यक्ष थापाको भनाइ छ । पालिकाभित्रका विपन्न बालबालिकाहरूका लागि आइतबारबाट सुरक्षित आवासीय शिक्षा सञ्चालनमा ल्याएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेन्द्र खनालले बताए ।

उनका अनुसार विपन्न बालबालिकाका लक्षित आवासीय शिक्षा कार्यक्रममा लागि पालिकाले आर्थिक वर्ष २०८२/०८३ मा १० लाख रूपैयाँ विनियोजन गरेको थियो । सोही रकमले हिमालय माविको रित्तो भवनमा छात्र र छात्राहरूका लागि छात्रावास, शौचालय र मेसको व्यवस्थापन गरेको उनले जानकारी दिए । 'छात्रावास व्यवस्थापनको काम गत असारमै सकिएको थियो तर बर्खे बिदा र विद्यार्थीहरूको प्रथम त्रैमासिक परीक्षाका कारण सञ्चालनमा ल्याउन ढिला भयो,' उनले भने ।

गाउँपालिकाले २० जना बालबालिका क्षमताको छात्रावास सञ्चालनमा ल्याएको छ । त्यसलाई आवश्यकताअनुसार बढाउँदै लैजाने शिक्षा अधिकृत राजेन्द्र खनालले बताएका छन् । पारिवारिक अवस्थाका कारण अध्ययन गर्न नसकेका र संरक्षकको आवश्यकता भएका बालबालिकाहरूलाई पालिकाले आवेदन माग गरी छनोट गरेको थियो । छनोट भएका बालबालिकाहरू अधिकांशको आमा, बुवा नभएका वा भएकाहरूले दोस्रो विवाह गरेका र पारिवारिक अपहेलनामा परेका रहेको पालिकाले जनाएको छ ।

सहिदलखन गाउँपालिकाले सीमान्तकृत चेपाङ र बराम समुदायका बालबालिकाहरूका लागि सिंजाली माविमा छुट्टै आवासीय सुविधासहित पठनपाठन गर्ने तयारी गरेको छ । विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएलगत्तै आगामी शैक्षिक सत्रबाट उक्त सेवा सञ्चालन गर्ने गाउँपालिकाका शिक्षा अधिकृत राजेन्द्र खनालको भनाइ छ । *रासस*

नेपाल विद्युत प्राधिकरण
प्रसारण निर्देशनालय
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल
बालाजु-स्युचाटार १३२ क.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना

४.८२ कि.मि. डबल सर्किट को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना (वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

(प्रकाशित मिति : २०८३/०५/१० गते)

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

प्रस्तावकको नाम र ठेगाना	नेपाल विद्युत प्राधिकरण प्रसारण निर्देशनालय केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल फोन नं. ९७७-०१-६६१८१७०, ईमेलः nea_ptl@nea.org.np
प्रस्तावको व्यहोरा	प्रस्तावित बालाजु-स्युचाटार १३२ के.भी. ४८२ कि.मि. लामो भूमिगत डबल सर्किट विद्युत प्रसारण लाइन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.१६ अवस्थित बालाजु सबस्टेसन देखि सुरू भई नागार्जुन नपा वडा नं.२, ३ र ४ काठमाडौं महानगरपालिका १४ पुनः नागार्जुन नपा (हुँदै नागार्जुन नपा वडा नं. १) मा अवस्थित स्युचाटार सबस्टेसन सम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइन मा १० वटा जोइन्ट पिटहरु र हाल भैरहेको बालाजु सबस्टेसनमा १३२ के.भी. को दुई वटा लाइन वे समेत निर्माण गर्ने कार्य गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ ।
प्रभाव पर्ने सक्ने प्रदेश/जिल्ला/न.पा./वडा नं.	बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१४ र १६, नागार्जुन नगरपालिका वडा नं. २, ३, ४, ९ र १०

उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरुलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सौंस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

कार्यक्रम हुने मिति, समय र स्थान		
मिति	समय	स्थान
२०८३/०५/१६ गते, मंगलबार	बिहान ९:०० बजे	नागर्जुन नगरपालिका वडा नम्बर ९ को शालिक चोक (खुल्ला पार्क)
२०८३/०५/१६ गते, मंगलबार	दिउँसो २:०० बजे	काठमाडौं महानगरपालिका वडा नम्बर १६ को सभाहल

आयोजकः

प्रस्तावकको नाम र ठेगाना	परामर्शदाताको नाम र ठेगाना
नेपाल विद्युत प्राधिकरण प्रसारण निर्देशनालय केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल फोन नं.: ९७७-०१-६६१८१७०, ईमेलः nea_ptl@nea.org.np	वापकोस लिमिटेड ७६-सी, सेक्टर-९८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत (स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल) इमेलः electrical@wapcos.co.in

साउदीमा रोजगार कम्पनी : MIQAT AL MADIN CONTRACTING COMPANY IS A SOLE PROPRIETORSHIP.

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347024 | चलानी नं. ६०२६०२१६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office Cleaner	7	0	1300	५३,०३३	Liable as per	12hrs	४ दिन	Liable as per	छ		४ वर्ष
2.	Kitchen Worker	1	0	1300	५३,०३३							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्व गराले जाने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्व गराले रहोलोने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्होने	हवाई टिकट गराले दिने र कति लाग्ने	बिमा शुल्क गराले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र कति लाग्ने (रसासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होने	बिमा स्टाम्पिङ शुल्क कसले व्होने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रुबरु बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४।विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५।विदेश जानु अघि आफ्नो नाममा मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफ्नै साथ राख्नुहोला । ६।काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७।यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. : 333/059/60

SUHASHA LINK PVT. LTD.
Samakhusi-14, Tokha, Kathmandu, Nepal
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,
Tel: 01 4982668, 4962338, Fax: 01-4962338

युएइमा रोजगार कम्पनी : STAR ALTAMIRAT ELECTROMCHANICAL L.L.C.

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 346538 | चलानी नं. ६०२६०२२१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Welder/assistant Welder	04	0	1400	५८,३४७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्व गराले जाने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्व गराले रहोलोने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्होने	हवाई टिकट गराले दिने र कति लाग्ने	बिमा शुल्क गराले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र कति लाग्ने (रसासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होने	बिमा स्टाम्पिङ शुल्क कसले व्होने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रुबरु बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४।विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५।विदेश जानु अघि आफ्नो नाममा मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला र सो को एक प्रति आफ्नै साथ राख्नुहोला । ६।काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

Govt. License No. 1048/073/074

C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tara Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664,
9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com

साउदीमा रोजगार कम्पनी : ROWAD RECRUITMENT GROUP COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347072 | चलानी नं. ६०२६०२३३

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Office and Facilities Cleaning Worker	21	0	1000	४०,७९५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्व गराले जाने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्व गराले रहोलोने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्होने	हवाई टिकट गराले दिने र कति लाग्ने	बिमा शुल्क गराले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र कति लाग्ने (रसासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होने	बिमा स्टाम्पिङ शुल्क कसले व्होने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	१०,०००	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रुबरु बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४।विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५।विदेश जानु अघि आफ्नो नाममा मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला र सो को एक प्रति आफ्नै साथ राख्नुहोला । ६।काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

Govt. License 1149/073/074

दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +४७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

साउदीमा रोजगार कम्पनी : THREE HUNDRED SIXTY COMPANY LTD.

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347076 | चलानी नं. ६०२६०२५२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	WORKSHOP LABOR	10	0	1300	५३,०३२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : AL RAWABI OASIS GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०९/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 342753 | चलानी नं. ६०२५६०६२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Roof Cleaning Worker	10	0	1000	४०,७९५	Liable as per	८ घण्टा	६ दिन	Liable as per	छ		२ वर्ष
2	Helper	20	0	1000	४०,७९५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्व गराले जाने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्व गराले रहोलोने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्होने	हवाई टिकट गराले दिने र कति लाग्ने	बिमा शुल्क गराले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र कति लाग्ने (रसासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होने	बिमा स्टाम्पिङ शुल्क कसले व्होने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	१०,०००	रु. ७००/- कामदार आफैले	कामदारले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रुबरु बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४।विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५।विदेश जानु अघि आफ्नो नाममा मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला र सो को एक प्रति आफ्नै साथ राख्नुहोला । ६।काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क गर्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75

युएइमा रोजगार कम्पनी : MUTEENA STAR TECHNICAL

पूर्व स्वीकृति मिति : २०८३/०५/०८ | LT. No. 347032 | चलानी नं. ६०२६०२५८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Plumber	1	0	1500	६२,५५८	श्रम नि. अनुसार	८ घण्टा	६ दिन	श्रम नि. अनुसार	छ		२ वर्ष
2.	Block & Stone Mason	1	0	1500	६२,५५८							
3.	Building Electrician	1	0	1500	६२,५५८							
4.	Building Painters	1	0	1500	६२,५५८							
5.	Building Plumber	1	0	1500	६२,५५८							
6.	Carpenter	2	0	1500	६२,५५८							
7.	Electrician (Power And Lighting)	1	0	1500	६२,५५८							
8.	Plasterer For Building	1	0	1500	६२,५५८							
9.	SCAFFOLDER	1	0	1500	६२,५५८							
10.	Tile Layer	1	0	1500	६२,५५८							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रुवदेशमा बसेर वि मेडिकल सर्व गराले जाने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रुवदेशमा बसेर बिमा सर्व गराले रहोलोने र कति लाग्ने	रोजगारका बिमा हुने/नहुने र कसले व्होने	हवाई टिकट गराले दिने र कति लाग्ने	बिमा शुल्क गराले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष गराले दिने र कति लाग्ने (रसासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होने	बिमा स्टाम्पिङ शुल्क कसले व्होने
कामदार आफै	दिने	कामदार आफैले	हुने: रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २५९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु. ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रुबरु बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २। आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३। यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४।विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५।विदेश जानु अघि आफ्नो नाममा मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्रो पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला र सो को एक प्रति आफ्नै साथ राख्नुहोला । ६।

प्रभाव दैनिक

रूपशाला

'यानीमाया'को प्रदर्शन अधिकार ६ देशमा बिक्री

नायक पल शाहको निर्माणमा धमाधम छायांकन भइरहेको फिल्म 'यानीमाया'को विभिन्न ६ देशमा प्रदर्शन अधिकार बिक्री भएको छ । निर्माणपक्षले दिएको जानकारी अनुसार, फिल्मको प्रदर्शन अधिकार हङकङ, जापान, कोरिया, मलेसिया, कतार र थाइल्याण्डमा गरिएको हो । अन्य देशबाट पनि फिल्म रिलिजका लागि कुरा भइरहेको भन्दै निर्माणपक्षले चाडै नै फाइनल हुने उल्लेख गरेको छ । ओम प्रतिकको लेखन तथा निर्देशनमा तयार भइरहेको यो फिल्ममा पल शाह, अञ्जना मगर, शिशिर वाङ्देल, गजित बिष्ट, लोकेन्द्र लेखक, अंकित खड्का, राज थापा, कर्मा लामा, संगीता थापा, विशाल पुलामी, नारायणी खत्री लगायतका कलाकारहरूको अभिनय रहनेछ ।

बुधबार, १० भदौ २०८३ (Wednesday, 26 August 2026)

'१३औं कृति अवार्डस्'मा थपिए २४ नयाँ विधा

■ प्रभाव संवाददाता

काठमाडौं– नेपालको विज्ञापन उद्योगको सर्वोच्च सम्मान 'कृति अवार्ड्स २०८३' आयोजनाको आधिकारिक घोषणा गरिएको छ र यस पटको कार्यक्रम 'रेडबुल ईनर्जी ड्रिंक्सले मुख्य प्रायोजन गरेकोले रेडबुल १३ औं कृति अवार्ड्स २०८३ नामाकरण गरिएको छ ।

त्यसैगरी यस वर्षको आयोजनालाई नेपाल मिडिया सोसाईटी, मिडिया एलायन्स नेपाल ब्रोडकास्टिंग एशोसियसन, एकोर्याव, र ब्रोडकास्टर्स फोरम पनि सह आयोजकका रूपमा सहयोगी भएका छने भने नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श र नेपाल सरकारको विज्ञापन बोर्डले ईन्डोर्समेन्ट सहित सम्बन्धन मान्यता प्रदान गरेका छन् । नेपाल विज्ञापन संघ नेपाल (आन)को आयोजना तथा मुख्य प्रायोजक रेडबुलको सहकार्यमा आगामी महिना भव्य रूपमा अवार्ड समारोह आयोजना गर्न लागिएको जनाइएको छ ।

'कृति अवार्ड्स'ले नेपाली विज्ञापन, मार्केटिङ तथा सञ्चार क्षेत्रमा उत्कृष्ट

योगदान पुऱ्याउने एजेन्सी, सिर्जनाकर्ता, र ब्राण्डहरूलाई सम्मान गर्दै आएको छ । १३ औं संस्करणसम्म आइपुग्दा यसले नेपाली मार्केटिङ क्षेत्रको सिर्जनात्मकता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने मुख्य थलोको रूपमा पहिचान बनाएको छ ।

यसपटक टेलिभिजन, छापा, रेडियो, डिजिटल, प्रिन्ट, सामाजिक सञ्जाल तथा एकीकृत अभियान गरी ३१ विधामा ५५ वटा अवार्डका लागि प्रतिस्पर्धा गराइनेछ भने यस वर्ष डिजिटल, ईभेन्टस् र ईन्टेग्रेटेड गरी ३ वटा नयाँ क्षेत्र सहित २४ वटा नयाँ विधा समावेश गरिएको छ ।

पारदर्शी मूल्यांकन लागि काठमाडौं विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा. डा. बिजय के.सी.को अध्यक्षतामा बरीष्ठ सञ्चारकर्मी भारती सिलवाल गिरी र बरिष्ठ मार्केटिंग विज्ञ रविन्द्रमान श्रेष्ठ क्षेत्रगत विशेषज्ञहरू समावेश भएको जुरी गठन गरिएको छ, जसले विषयगत मुल्यांकनकर्ताहरूको मनोनयन गरी विजेताहरूको चयन गर्नेछ ।

विज्ञापन संघ नेपाल (आन)का अनुसार यस वर्ष मनोनयन दर्ता प्रक्रिया खुला भइसकेको छ । इच्छुक विज्ञापन एजेन्सी तथा ब्राण्डहरूले २०८० बैशाख १ गते देखि २०८३ आषाढ मसान्तसम्म उत्पादन तथा प्रदर्शन भएका सिर्जनात्मक कार्यहरू दर्ता गराउन सक्नेछन् ।

कृति अवार्ड्स आयोजनाको वारेमा घोषणा गर्दै आनका अध्यक्ष सुदिप थापाले यस पटक धेरै विधाहरूलाई समेटेर सिर्जनात्मकतालाई थप प्रोत्साहन गर्न लागिएको जानकारी दिए । 'कृति अवार्ड्सले शुरुवातदेखिनै विज्ञापन क्षेत्रको सिर्जनात्मकता र मौलिकतालाई प्रवर्धन गर्दै आएको छ। यस पटक यसलाई थप विधाहरूमा बिस्तार गरिएको छ । यसले नेपाली विज्ञापन बजारलाई विश्व बजारमा चिनाउन सहयोग गर्नेछ ।' उनले भने । कृति अवार्ड्सले नेपाली अर्थतन्त्रलाई चलायमान बनाउने र विज्ञापन बजारलाई थप बिस्तार गर्ने अपेक्षा गरिएको छ ।

६० वर्ष माथिकाले 'गौंथली' निःशुल्क हेर्न पाउने

■ प्रभाव संवाददाता

काठमाडौं– चलचित्रत्र 'गौंथली' निर्माण टिमले ज्येष्ठ नागरिकलाई निःशुल्क सिनेमा हेर्ने अफर ल्याएको छ । २६ अगस्ट (भदौ १०) देखि ६ सेप्टेम्बर (भदौ २१) गतेसम्म ६० वर्षभन्दा माथिका नागरिकले 'गौंथली' निःशुल्क हेर्न पाउने छन् ।

तर, यसका लागि खल्ती एपबाट यो टिकट काट्नु पर्नेछ । खल्तीमा आफूले काटेको पैसा फिर्ता आउनेछ । "पैसा रिफन्टका लागि नागरिकता र तस्बिर भने पठाउनु पर्नेछ," 'गौंथली' निर्देशक डा. कपिल रिजालले भने ।

'खल्तीमार्फत गरिएको टिकट खरिदको कारोबार (ट्रान्जेक्सन)को स्क्रिनसट पेस गरिएको हुनुपर्ने । 'गौंथली'को तस्बिर/पोस्टर पृष्ठभूमिमा रहने गरी खिचिएको प्रयोगकर्ताको फोटो पेस गरिएको हुनुपर्नेछ,' निर्देशक रिजालले भने, 'खरिदको कुल टिकट मूल्य बराबरको रकम सम्बन्धित प्रयोगकर्ताको खल्ती वालेटमा जम्मा हुनेछ ।'

यस अभियानलाई सहयोग पुऱ्याउन, खल्तीमा एक लाख रूपैयाँ मात्र अग्रिम रकम जम्मा गरिनेछ । जसबाट योग्य प्रयोगकर्ताहरूलाई रकम फिर्ता गरिनेछ ।

'यो अग्रिम रकम नसकिँदासम्म वा अभियानको अवधि समाप्त नभएसम्म (जुन पहिले हुन्छ, त्यही समयसम्म) यसै रकमबाट फिर्ता प्रक्रिया अघि बढाइनेछ,' निर्माणपक्षले भनेको छ ।

अरूण क्षेत्री र सिम्रन खड्का मुख्य भूमिकामा रहेको 'गौंथली' इतिहासकै दोस्रो सर्वाधिक कमाउने नेपाली चलचित्र बनेको छ । यसले हालसम्म २५ करोड २२ लाख रूपैयाँ ग्रसकलेक्सन गरिसकेको छ ।

डा. कपिल रिजालको निर्देशनमा बनेको 'गौंथली'मा अरूण र सिम्रनसँगै मदनकृष्ण श्रेष्ठ, प्रकाश धिमिरे, लुनिभा तुलाधर, रवीन्द्र झा, सञ्जोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिनालगायत कलाकारहरूको अभिनय छ ।

रंगशाला

एसिसी प्रिमियर कप अभ्यास

मलेसियाविरुद्ध नेपालको शानदार जित

■ प्रभाव संवाददाता

काठमाडौं– ओपनर आसिफ शेखको शतकसँगै १६१ रन तथा अर्जुन कुमालसँगको दोहोरो शतकीय साझेदारी मद्दतमा नेपालले एसीसी प्रिमियर कपअघि भएको अभ्यास खेलमा मलेसियालाई पराजित गरेको छ ।

मलेसियाले २३३ रनको लक्ष्य पछ्याउँदा बीचमा वर्षा भएपछि ४८ ओभरमा २२८ रनको लक्ष्य तय भएको थियो । नेपालले उक्त लक्ष्य २८ ओभरमै १ विकेटको क्षतिमा पूरा गऱ्यो । आसिफ शेखले ८५ बलमा १६१ रन बनाएर आउट भए । उनले १२ चौका र १२ छक्का प्रहार गरे ।

आसिफले अर्जुन कुमालसँग मिलेर २२० रनको ओपनिङ साझेदारी गरेका थिए । अर्जुन कुमाल ६१ रनमा नटआउट रहे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले ४८.२ ओभरमा अलआउट हुँदै २३२ रन बनाएको थियो । मलेसियाका लागि मुहम्मद स्याहादात रामलीले सर्वाधिक ६१ रन बनाए ।

सैफुल्लाह मलिकले ४५, साइद अजिजले ४० तथा विरानदीप सिंहले ३९ रन बनाए ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले १० ओभरमा ३६ रन दिएर ४ विकेट लिए । करण केसीले २ तथा ललित राजवंशी र दीपेन्द्रसिंह ऐरीले १-१ विकेट लिए ।

नेपालले मलेसिया आउनुअघि भारतमा कर्नाटकसँग भएको दुई अभ्यास खेल जितेको थियो ।

नेपालले पिकलबल विश्वकप खेल्ने

काठमाडौं (प्रस)– नेपालले पिकलबल विश्वकपको तेस्रो संस्करण खेल्ने भएको छ । पहिलोपटक विश्वकपमा सहभागी हुन लागेको नेपाली टोली बिहीबार भियतनामको दानाङ प्रस्थान गर्ने भएको छ । अगष्ट ३० देखि सेप्टेम्बर ६ तारिखसम्म हुने प्रतियोगिताको सिनियर क्याटेगोरीमा हर्ष सागर तुलाधर, मणिकरत्न शाक्य, दिलभूषण पाठक, फत्तेबहादुर खड्का, शर्मिला केसी र प्रतिमा प्रधानले प्रतिस्पर्धा गर्नेछन् ।

त्यस्तै, ओपन क्याटेगोरीमा ज्याक्सन सुवेदी, सन्देश श्रेष्ठ, उमिद शेर्पा, उगेन शेर्पा, दावा शेर्पा, राधेश्याम मचामसी, महेश शर्मा, सरुसा मगर, डा. दिक्षा राणा, सञ्जील कन्साकार र किरण खनालले भाग लिने छन् । व्यवस्थापक तथा प्रशिक्षकमा सौरभ भण्डारी छन् ।

खुला टेबलटेनिसमा वियंकालाई स्वर्ण

काठमाडौं (प्रस)– महेन्द्ररत्न क्याम्पसकी वियंका राई १३औं पूर्णमान बज्राचार्य खुला टेबलटेनिस प्रतियोगिताअन्तर्गत कलेजतर्फ महिला सिंगल्समा पहिलो भएकी छन् । सोही क्याम्पसकी आश्मा पहरी दोस्रो तथा एसियनकी अर्पिता महर्जन र जेभियरकी यानु शिरीष तेस्रो भए । यु-१४ बोइज सिंगल्समा डिएभीका रिभानमुनि बज्राचार्य पहिलो, एभीएमका स्वर्णिम शाक्य दोस्रो तथा प्रोक्सिमाका नयन ललुवा र प्रिमियरका विशाल बस्नेत तेस्रो बने ।

सोही स्पर्धाको गर्ल्समा एभीएमकी श्रृया शाक्यले स्वर्ण, एभीएमकै तयाबुङमा राईले रजत तथा आरम्भ संस्कारकी प्राज्ञा महर्जन र आरम्भकै यमिला श्रेष्ठले कांस्य जिते । यु-१६ बोइजमा सिंगल्समा भासराका रिजन शाक्य प्रथम, एभरेस्टका आर्यन शाही द्वितीय तथा आरम्भका निश्चल थापा र प्राइमका सुगम पौडेल तृतीय भए ।

भेट्टान ५० वर्षमाथि पुरुष सिंगल्समा खोल्चा पुखुका नदिमरत्न शाक्य पहिलो, आईटीटीएका राजेश भट्टराई दोस्रो तथा सीवाइसीटीटीका किरण व्यञ्जनकार र कीर्तिपुरका जयराम महर्जन तेस्रो भए । कलेजको महिला टिम इभेन्टमा महेन्द्र रत्न पहिलो, एभीएम दोस्रो तथा प्रिमियर र विश्व आदर्श तेस्रो स्थानमा रहे । स्कूलको बोइज टिममा आरम्भ पहिलो, प्राइम दोस्रो तथा एभीएम र सृष्टि एकेडेमी तेस्रो बने । उक्त स्पर्धाको गर्ल्समा एभीएम पहिलो, आरम्भ दोस्रो तथा ह्वाइटफिल्ड र सिर्जना ज्ञान सागर तेस्रो भए ।

साउदीमा रोजगार
कम्पनी : TARIQI TRANSPORT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०४/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 345769 चलानी नं. ६०२५८०५६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	HEAVY TRUCK DRIVER	2	0	1800	७३,४३०	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने	हवाई टिकट कम्पनले दिने र कति तिर्ने	भिषा शुल्क कम्पनले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्यहोर्ने	भिषा रिनिफिट शुल्क कम्पनले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २४९५ /- कामदारले तिर्ने	रु. १,२००/- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसोबासमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालमै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ४०१/०६१/०६२

MAURITIUS मा रोजगार
कम्पनी : GAMMA CONSTRUCTION LTD
पूर्व स्वीकृति मिति : २०८२/०६/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 330843 चलानी नं. ६०२४५३०८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब MUR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Carpenter	67	0	20000	६५,४८०	श्रम ऐन अनुसार	८ घण्टा	६ दिन	श्रम ऐन अनुसार	छ		२ वर्ष
2	Cook	15	0	20000	६५,४८०							
3	Mason	127	0	20000	६५,४८०							
4	Steel Fixer	73	0	20000	६५,४८०							
5	Tiler	75	0	20000	६५,४८०							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने	हवाई टिकट कम्पनले दिने र कति तिर्ने	भिषा शुल्क कम्पनले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्यहोर्ने	भिषा रिनिफिट शुल्क कम्पनले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २८०/- कामदारले तिर्ने	रु १,२०० /- कामदार आफैले	१०,०००	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसोबासमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालमै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

साउदीमा रोजगार
कम्पनी : EKAL HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 342481 चलानी नं. ६०२५५७९९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Hospital Cleaner	7	0	1000	८०,७९५	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय, ललितपुरमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने	हवाई टिकट कम्पनले दिने र कति तिर्ने	भिषा शुल्क कम्पनले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्यहोर्ने	भिषा रिनिफिट शुल्क कम्पनले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ /- कामदारले तिर्ने	रु १,२०० /- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसोबासमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालमै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०५५/०५६

साउदीमा रोजगार
कम्पनी : POWER SUPPORT PRIME COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 347025 चलानी नं. ६०२६०२६०

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	KITCHEN WORKER	8	0	1000	८०६५२	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष
2	Office and Facility Cleaner	10	0	1000	८०६५२							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने	हवाई टिकट कम्पनले दिने र कति तिर्ने	भिषा शुल्क कम्पनले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्यहोर्ने	भिषा रिनिफिट शुल्क कम्पनले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २४९५ /- कामदारले तिर्ने	रु १,२०० /- कामदार आफैले	निःशुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसोबासमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालमै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

JBR Associates Pvt. Ltd.
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
E-mail : info@jbrassociate.com, Website: www.jbrassociate.com
श्रम इजाजत नं. ४२७/०६१/०६१

ओमनमा रोजगार
कम्पनी : AL-THABAT HOLDING LLC
पूर्व स्वीकृति मिति : २०८३/०५/२१ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 323044 चलानी नं. ६०२३६९८५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब OR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Building Brick Mason	2	0	120	४७,७६५	श्रम ऐन अनुसार	८ घण्टा	६ दिन	श्रम ऐन अनुसार	छ		२ वर्ष
2	Building Painters	8	0	120	४७,७६५							
3	Cleaner General	1	0	100	३९,८०५							
4	Construction Carpenter General	20	0	120	४७,७६५							
5	Mason General	29	0	120	४७,७६५							
6	Reinforcement Fitter	16	0	120	४७,७६५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ र १८ गते (2 & 3 Sep. 2026) मा हुनेछ ।

रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने	रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने	रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने	हवाई टिकट कम्पनले दिने र कति तिर्ने	भिषा शुल्क कम्पनले दिने र कति तिर्ने	सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्यहोर्ने	भिषा रिनिफिट शुल्क कम्पनले व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २८०/- कामदारले तिर्ने	रु १,२०० /- कामदार आफैले	१०,०००	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा बिमा प्राप्त भई जाने निश्चित आएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू बसोबासमा पर्ने सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमिसाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण पा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालमै एयरपोर्ट प्रवेश गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाचलमा सम्पर्क गर्नुहोला ।

Jasmine Overseas Pvt. Ltd.
श्रम इजाजत नं.७७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279

साइप्रसमा रोजगार
कम्पनी : COSTAS THEODOROU सेवा शुल्क: ९०,०००/-
पूर्व स्वीकृति मिति : २०८३/०५/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०८ LT. No. 341208 चलानी नं. ६०२५४७०६

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब EUR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताना काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	WORKER	7	13	700	१,२५,०२०	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १७ गते (2nd Sep. 2026) मा हुनेछ ।

| रहदेशमा आईने पि मेडिकल खर्च कम्पनले व्यहोर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | रहदेशमा आईने बिमा खर्च कम्पनले व्यहोर्ने र कति तिर्ने | रोजगारका बिमा हुने/नहुने र कम्पनले व्यहोर्ने | हवाई टिकट कम्पनले दिने र कति तिर्ने | भिषा शुल्क कम्पनले दिने र कति तिर्ने | सामाजिक सुरक्षा कोष कम्पनले दिने र कति तिर्ने (रकमसहित) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति तिर्ने र कम्पनले व्य

इस्लामिक पात्रोअनुसार पैगम्बरको जन्मोत्सव मौलिद अल-नबीको उत्सवका क्रममा सोमबार बगदादको शेख अब्दुल-कादिर अल-जिलानी (गिलानी) मन्दिरमा इस्लामका पैगम्बर मोहम्मदको नाम अंकित बेलुनहरू लिएर उभिएका बालबालिकाहरू । *तस्विर: एएफपी*

भारतमा भेदभाव रोक्न राष्ट्रसंघको आग्रह

जेनेभा- संयुक्त राष्ट्रसंघको जातीय भेदभाव उन्मूलनसम्बन्धी समितिले भारतमा आदिवासी, दलित तथा अन्य सीमान्तकृत समुदायमाथि हुने भेदभाव, हिंसा र कानुन प्रवर्तन निकायबाट हुने मानवअधिकार उल्लंघन रोक्न तत्काल कदम चाल्न आग्रह गरेको छ ।

समितिले बंगाली भाषी मुस्लिम, रोहिंग्या, आप्रवासी तथा शरण खोज्नेहरूमाथि हुने भेदभाव र घृणाजन्य अपराधप्रतिसमेत चिन्ता व्यक्त गरेको छ । जातीय भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति (सिइआरडी) ले अनुसूचित जनजाति, अनुसूचित जाति तथा दलितलगायत समुदायविरुद्ध अत्यधिक बल प्रयोग, गैरन्यायिक हत्या, मनमानी हिरासत, यातना, दुर्व्यवहार र यौन हिंसाका घटनाबारे प्राप्त रिपोर्टप्रति गम्भीर चासो व्यक्त गरेको हो । समितिले त्यस्ता आरोपको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही गर्न आग्रह गरेको छ ।

समितिले रोहिंग्या, बंगाली भाषी मुस्लिम, आप्रवासी तथा शरण खोज्नेहरूलाई लक्षित गरी हुने कानुन प्रवर्तन कारबाही र जातीय पहिचानका आधारमा गरिने जाँच तथा पक्राउ रोक्न भारतलाई आग्रह गरेको छ । साथै भेदभाव, घृणापूर्ण अभिव्यक्ति र घृणाजन्य अपराध नियन्त्रण गर्न तथा अन्तर्राष्ट्रिय सुरक्षाको आवश्यकता भएका व्यक्तिलाई जबर्जस्ती फिर्ता नगर्न सुझाव दिएको छ ।

भारतमा जात व्यवस्था सामाजिक हैसियत, स्रोत, शिक्षा र अवसरमा पहुँचलाई प्रभावित गर्ने प्रमुख आधारका रूपमा रहेको समितिको भनाइ छ । १८ जना स्वतन्त्र मानवअधिकार विशेषज्ञ रहेको सिइआरडीले जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि पालना गर्ने १८२ सदस्य राष्ट्रको अनुगमन गर्छ । सन् २००७ पछि पहिलोपटक भारतले यसै महिनाको सुरुमा समितिसमक्ष समीक्षा गराएको थियो ।

भारतीय प्रतिनिधिमण्डलको नेतृत्व महान्यायाधिवक्ता तुषार मेहताले गरेका थिए । सिइआरडीका सिफारिस कानुनीरूपमा बाध्यकारी नभए पनि अन्तर्राष्ट्रिय मानवअधिकार क्षेत्रमा तिनको महत्त्वपूर्ण प्रभाव रहन्छ । भारतको जेनेभास्थित मिसनले भने देशको बहुलवाद, विविधता तथा संवैधानिक र कानुनी संरचनाबारे आफ्नो धारणा प्रस्तुत गर्दै सबै नागरिकका लागि समानता, मर्यादा र अवसर सुनिश्चित गर्ने प्रयास जारी रहेको बताएको छ । *रासस/एएफपी*

बंगलादेशका तीन पत्रकारलाई हिरासतमा राख्न आदेश

ढाका– बंगलादेशको विशेष न्यायाधिकरणले सन् २०२४ को विद्यार्थी आन्दोलनसँग सम्बन्धित मानवताविरुद्धको अपराध मुद्दामा तीन पत्रकारलाई मुद्दाको टुंगो नलागेसम्म हिरासतमा राख्न आदेश दिएको छ । उनीहरूको पक्राउ र जमानत अस्वीकारप्रति अन्तर्राष्ट्रिय मानवअधिकार तथा प्रेस स्वतन्त्रता संस्थाले आपत्ति जनाउँदै आरोप फिर्ता लिन आग्रह गरेका छन् ।

न्यायाधिकरणले एकट्टोर टेलिभिजनका प्रधानसम्पादक मोजाम्मेल बाबु, प्रमुख संवाददाता फरजाना रूपा तथा दैनिक भोरेर कागोजका सम्पादक एवं नेसनल प्रेस क्लबका पूर्वमहासचिव श्यामल दत्तलाई हिरासतमा राख्न आदेश दिएको हो । उनीहरू सोमबार न्यायाधिकरणमा उपस्थित भएका थिए । न्यायाधीशले अर्को सुनुवाइ अक्टोबर २५ का लागि तोकदै अनुसन्धान प्रतिवेदन पेस गर्न निर्देशन दिएका छन् ।

अभियोजन पक्षले तीनै पत्रकारले विद्यार्थी प्रदर्शनकारीमाथि दमन गर्न तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई उक्साएको आरोप लगाएको छ । अभियोजनकर्ताका अनुसार उनीहरूले जुलाई १४, २०२४ मा पत्रकार सम्मेलनमा हसिनालाई प्रदर्शनकारीबारे उत्तेजक प्रश्न सोधेका थिए । त्यसपछि उनले प्रदर्शनकारीप्रति आपत्तिजनक टिप्पणी गरेको र आन्दोलनमाथि रक्तपातपूर्ण दमन सुरु भएको अभियोजन पक्षको दाबी छ ।

सन् २०२४ को जुलाई-अगस्टमा भएको आन्दोलनमा सयौं मानिस मारिएका थिए । आन्दोलनको दबावपछि हसिना अगस्ट ५, २०२४ मा भारत भागेकी थिइन् । उनीमाथि मानवताविरुद्धको अपराधको आरोपमा अनुपस्थितिमै मुद्दा चलाइएको र मृत्युदण्डको फैसला सुनाइएको छ ।

हसिनाको बहिर्गमनपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले तीनै पत्रकारलाई पक्राउ गरेको थियो । पत्रकारहरूविरुद्ध आन्दोलनका क्रममा भएको हत्यासहित विभिन्न आरोपमा मुद्दा चलिरहेको छ । उनीहरूका परिवारले गैरकानुनीरूपमा हिरासतमा राखिएको दाबी गरेका छन् ।

कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सिपिजे) का एसिया-प्रशान्त कार्यक्रम संयोजक कुणाल मजुमदारले पत्रकार सम्मेलनमा प्रश्न सोधेकै आधारमा मानवताविरुद्धको अपराधको मुद्दा चलाउनु गम्भीर चिन्ताको विषय भएको बताए । उनले सम्पादकीय निर्णय विवादास्पद हुन सक्ने भए पनि त्यसलाई अपराधीकरण गर्न नमिल्ने भन्दै तीनै पत्रकारलाई तत्काल रिहा गरी आरोप खारेज गर्न आग्रह गरे ।

यसैबीच, भारतमा रहेकी हसिनाले आगामी डिसेम्बरमा बंगलादेश फर्कने बताएकी छन् । बंगलादेश सरकारले भारतसँग उनलाई सुपुर्दगी गर्न आग्रह गरे पनि भारतले उक्त आग्रह अस्वीकार गरेको छ । *रासस/एपी*

इरानमाथि अमेरिकाको थप प्रतिबन्ध

वासिङ्टन– संयुक्त राज्य अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा तेल र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकी विदेश मन्त्रालयकाअनुसार प्रतिबन्धको उद्देश्य इरानी शासनका आम्दानीका स्रोत रोक्नु तथा अमेरिकी सेना र सहयोगीमाथि आक्रमण गर्न सहयोग गर्ने सञ्जाल कमजोर पार्नु हो ।

'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत लगाइएको प्रतिबन्धले इरानको पेट्रोलियम आम्दानी र परम्परागत हतियारको प्रसारसँग सम्बन्धित गतिविधिलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ । प्रतिबन्ध कार्यकारी आदेश १३८४६ र १३९४९ अन्तर्गत लगाइएको हो ।

अमेरिकाले इरानी सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा 'डेडेनेगर स्टार्टअप स्टुडियो' लाई पनि प्रतिबन्ध लगाएको छ । उक्त कम्पनीले 'अपरेसन एपिक फचुरी' का क्रममा इरानी सैन्य लक्ष्य पहिचान तथा युद्ध क्षतिको मूल्यांकनका लागि चिनियाँ व्यावसायिक स्याटेलाइट तस्विर प्रयोग गरेको अमेरिकी दाबी छ । त्यस्तै, इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) साइबर-इलेक्ट्रोनिक कमाण्डलाई अमेरिकी सैन्य सम्पत्तिसम्बन्धी सूचना प्राप्त गरेको आरोपमा प्रतिबन्ध लगाइएको छ ।

प्रतिबन्धको सूचीमा आइआरजिसीका कमाण्डर-इन-चिफ अहमद वाहिदी पनि परेका छन् । अमेरिकी विदेश मन्त्रालयले उनले 'अपरेसन एपिक फचुरी' का क्रममा इरानको सैन्य निर्णयमा महत्त्वपूर्ण भूमिका खेलेको आरोप लगाएको छ । 'रिवार्ड फर जस्टिस' कार्यक्रमअन्तर्गत वाहिदी र आइआरजिसीका वरिष्ठ नेता अली अब्दुल्लाहीबारे सूचना दिनेलाई एक करोड अमेरिकी डलरसम्म पुरस्कार दिने घोषणा गरिएको छ ।

अमेरिकी कदमले इरानको तेल ढुवानी गर्ने 'डार्क फ्लिट' तथा पेट्रोलियम, पेट्रोलियम उत्पादन र पेट्रोकेमिकलको बिक्री तथा ढुवानीमा संलग्न अन्तर्राष्ट्रिय मध्यस्थलाई समेत समेटेको छ । मन्त्रालयले यस्ता सञ्जाललेे पहिचान लुकाएर भ्रामक ढुवानी गतिविधि गर्ने आरोप लगाएको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसअघि घोषणा गर्नुभएको 'अपरेसन इकोनोमिक आउटकास्ट' ले विश्वभर इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनका आर्थिक स्रोत बन्द गर्ने लक्ष्य राखेको छ । उनले इरानले विश्वव्यापी अलगाव रोज्ने वा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुनः सहभागी हुने बाटो अपनाउनेमध्ये एक छनोट गर्नुपर्ने बताएका छन् ।

पछिल्लो प्रतिबन्धसँगै इरानको तेल निर्यात, सैन्य खरिद र अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमाथि अमेरिकी दबाव थप बढेको छ । *रासस/एएनआई*

क्यानाडाको जवाफी शुल्क घोषणा

वासिङ्टन– संयुक्त राज्य अमेरिकाले क्यानाडाली वस्तुमाथि थप शुल्क लगाएपछि क्यानाडाले मंगलबार त्यसको जवाफी कदम घोषणा गर्ने भएको छ । दुई देशबीच हप्तौंसम्म चलेको वार्ता नयाँ अमेरिकी शुल्क रोक्ने सहमतिमा पुग्न नसकेपछि व्यापारिक तनाव थप चुलिएको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार क्यानाडाबाट आयात हुने मोटरमा अर्को वर्षदेखि शुल्क बढाएर ५० प्रतिशतसम्म पुऱ्याउने बताएका छन् । यसअघि क्यानाडाली मोटरमा गैरअमेरिकी सामग्रीका लागि २५ प्रतिशत शुल्क थियो । अमेरिकाले क्यानाडाली वस्तुमाथि ५० प्रतिशतसम्मको नयाँ शुल्क शनिबारदेखि लागू गरेको थियो ।

क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीले यसअघि अमेरिकी कदमको जवाफमा सेप्टेम्बर ८ देखि लागू हुने प्रतिशोधात्मक शुल्क घोषणा गरेका थिए । त्यसमा अमेरिकी स्टिल, दुग्धजन्य पदार्थ, कृषि उपकरण, कागज र विद्युतीय सामग्रीलगायत वस्तु समेटिएका छन् । उनले अमेरिकी वार्ताकारले मोटर, स्टिल र आल्मुनियमजस्ता क्यानाडाका प्रमुख उद्योगलाई असर पार्ने अनुचित सर्त अघि सारेको आरोप लगाएका छन् ।

क्यानाडाको कूल निर्यातमध्ये करिब ७० प्रतिशत अमेरिकी बजारमा जाने भएकाले व्यापार विवादले क्यानाडाली उद्योग र रोजगारीमा असर पार्ने चिन्ता बढेको छ । एंगस रिड इन्स्टिच्युटको सर्वेक्षणमा चारमध्ये तीन क्यानाडालीले अमेरिकी दबावका बाबजुद व्यापार वार्ताबाट पछि नहट्ने सरकारको निर्णयलाई समर्थन गरेका छन् भने पाँचमध्ये करिब दुई जनाले रोजगारीबारे चिन्ता व्यक्त गरेका छन् ।

ओन्टारियोका प्रिमियर डग फोर्डले अमेरिकी मोटर शुल्कको विरोध गर्दै आवश्यक परे अमेरिकातर्फ निर्यात हुने विद्युत्मा अधिभार लगाउन सकिने चेतावनी दिए । यसअघि ओन्टारियोले तीन अमेरिकी राज्यमा विद्युत् निर्यातमा २५ प्रतिशत अधिभार लगाएको थियो । ह्वाइट हाउसले क्यानाडाले अमेरिकी मदिरा, मोटर र दुग्धजन्य पदार्थमा भेदभावपूर्ण शुल्क लगाएको आरोप लगाएको छ । पछिल्लो अमेरिकी शुल्कले करिब ५.५ प्रतिशत क्यानाडाली वस्तु प्रभावित हुने र त्यसको मूल्य करिब २० अर्ब अमेरिकी डलर रहेको बताइएको छ ।

यसैबीच, दुई देशले संयुक्त राज्य अमेरिका-मेक्सिको-क्यानाडा स्वतन्त्र व्यापार सम्झौता (युएसएमसिए) को संशोधनसम्बन्धी विषय पनि टुंगाउनुपर्ने छ । राष्ट्रपति ट्रम्पले सम्झौतालाई वर्तमान स्वरूपमा नवीकरण नगर्ने बताउँदै आएका छन् । पछिल्लो विवादले लामो समयदेखि निकट सम्बन्धमा रहेका दुई छिमेकीबीच आर्थिक तथा राजनीतिक तनाव थप बढाएको छ । *रासस/एएफपी*

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०५।१० गतेको प्रभाव राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत/सामुहिक जमानतकर्ताहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत/सामुहिक जमानी दिनु हुने जमानतकर्ता महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक र व्यक्तिगत जमानतकर्ताहरुको विवरणः

१. ऋणीको नामः हिमालयन सेफ्टी सोलुसन प्रा.लि. — **कर्जा शिर्षकः** सहुलियत आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको), दर्ता नं.: १८५०७९/०७४/०७५, दर्ता मितिः २०७४/११/२१, स्थायी लेखा नं.: ६०६७६५११६, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३२ ।

संचालक/शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः

दिपक लामिछानेः ना.प्र.प.नं (जारी मिति/स्थान): २२ ३१२९८/३०४१(२०६०/०७/०५/दोलखा), बाजेको नामः मनसराम विश्वकर्मा, बाबुको नामः ध्रुव विश्वकर्मा, ठेगानाः दोलखा जिल्ला, सुन्द्रावती गा.वि.स., वडा नं. ६ परिवर्तित दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. ९ ।

व्यक्तिगत जमानतकर्ताहरुः

क. सुवास चन्द्र लामिछानेः ना.प्र.प.नं (जारी मिति/स्थान): २२१०१६/७६(२०६४/११/०६/दोलखा), बाजेको नामः मनसराम विश्वकर्मा, बाबुको नामः ध्रुव विश्वकर्मा, ठेगानाः दोलखा जिल्ला, सुन्द्रावती गा.वि.स., वडा नं. ६ परिवर्तित दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. ९ ।

ख. माया बि.क.: ना.प्र.प.नं (जारी मिति/स्थान): ९५१९५(२०५९/०६/०७/पाल्पा), बाबुको नामः लाल बहादुर विश्वकर्मा, ससुराको नामः ध्रुव विश्वकर्मा, पतिको नामः दिपक लामिछाने, ठेगानाः पाल्पा जिल्ला, दोभान गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. ९ ।

ग. बालसोभा विश्वकर्माः ना.प्र.प.नं (जारी मिति/स्थान): ५९५४(२०४५/०१/०६/दोलखा), ससुराको नामः मनसराम विश्वकर्मा, पतिको नामः ध्रुव विश्वकर्मा, ठेगानाः दोलखा जिल्ला, सुन्द्रावती गा.वि.स., वडा नं. ६ परिवर्तित दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. ९ ।

घ. शारदा सुवालः ना.प्र.प.नं (जारी मिति/स्थान): ३०१०५१/१६५०२६(२०६४/०९/०४/काभ्रेपलान्चोक), ससुराको नामः ध्रुव विश्वकर्मा, पतिको नामः सुवास चन्द्र लामिछाने, ठेगानाः काभ्रेपलान्चोक जिल्ला, बनेपा गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल दोलखा जिल्ला, कालिन्चोक गा.पा., वडा नं. ९ ।

२. ऋणीको नामः टपेन्द्र श्रेष्ठ — **कर्जा शिर्षकः** प्रोफेशनल कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १४-०२-७५-०१९२७ (२०७५/१०/१७/कटारी उदयपुर), बाजेको नामः मान बहादुर श्रेष्ठ, बाबुको नामः जित बहादुर श्रेष्ठ, ठेगानाः उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १० स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ६ ।

व्यक्तिगत जमानतकर्ताहरुः

क. जीत बहादुर श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थान): ४३९४८६/३०८(२०४४/११/२४/उदयपुर), बाजेको नामः इच्छा बहादुर श्रेष्ठ, बाबुको नामः मान बहादुर श्रेष्ठ, ठेगानाः उदयपुर जिल्ला, सोरुङ छबिसे गा.वि.स. वडा नं. ०१ भई हाल परिवर्तित उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १० ।

ख. सुष्मा श्रेष्ठः ना.प्र.प.नं (जारी मिति/स्थान): १४३०४१/२६०(२०६३/१०/२२/उदयपुर), बाबुको नामः ज्याम्सर राई, ससुराको नामः मान बहादुर श्रेष्ठ, पतिको नामः जीत बहादुर श्रेष्ठ, ठेगानाः उदयपुर जिल्ला, सोरुङ छबिसे गा.वि.स. वडा नं. ०१ भई हाल परिवर्तित उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. १० ।

३. ऋणीको नामः विरमान स्याङतान — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं (जारी मिति/स्थान): ३११०३३/७९७४७(२०६७/१०/२४/मकवानपुर), बाजेको नामः प्रेम बहादुर स्याङतान, बाबुको नामः पहलमान स्याङतान, ठेगानाः मकवानपुर जिल्ला, टिस्टुङ्ग गा.वि.स. वडा नं. ०९ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११, भोटेबहाल ।

४. ऋणीको नामः दिवश श्रेष्ठ — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं (जारी मिति/स्थान): ५८९१(२०७४/१०/०५/ईलाम), बाजेको नामः देवि भक्त श्रेष्ठ, बाबुको नामः गोविन्द भक्त श्रेष्ठ, ठेगानाः ईलाम जिल्ला, ईलाम न.पा. वडा नं. ०६ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा. कुपण्डोल ।

५. ऋणीको नामः सतेन्द्र बहादुर भट्ट — **कर्जा शिर्षकः** क्रेडिट कार्ड

ना.प्र.प.नं (जारी मिति/स्थान): १२७७०(२०६१/०२/११/काठमाडौं), बाजेको नामः वेद बहादुर भट्ट, बाबुको नामः सुभाष कुमार भट्ट, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ०४ ।

६. ऋणीको नामः तारवती साह — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ५६०७(२०६१/१२/२९/सप्तरी), बाबुको नामः राम प्रीत साह, ससुराको नामः राम नारायण साह, पतिको नामः राजेश कुमार साह, ठेगानाः सप्तरी जिल्ला, मानराजा गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदेबरसाईन न.पा. वडा नं. ७ ।

७. ऋणीको नामः शुभद्रा सुवेदी — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ११४८५०(२०५८/०१/२३/कास्की), बाबुको नामः डण्डपाणी पराजुली, ससुराको नामः कपिलमणि चुवाई सुवेदी, पतिको नामः झलकनाथ चुवाई सुवेदी, ठेगानाः कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. २४ भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १५, रामबजार ।

८. ऋणीको नामः अजय कुमार मेहता — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०६-७४-०२२९०(२०७४/०८/११/सुनसरी), बाजेको नामः सन्ति महतो, बाबुको नामः अच्छेलाल मेहता, ठेगानाः सुनसरी जिल्ला, देवानगञ्ज गा.पा., वडा नं. ६ ।

९. ऋणीको नामः पार्वती कुमारी मेहता — **कर्जा शिर्षकः** डिजिटल खेती कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ०६-०६-७६-०१७२७(२०७६/०५/२९/सुनसरी), बाबुको नामः लक्ष्मण मेहता, ससुराको नामः अच्छेलाल मेहता, पतिको नामः संजय कुमार मेहता, ठेगानाः सुनसरी जिल्ला, देवानगञ्ज गा.पा., वडा नं. ६ ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन / तेजाबी सुन / चाँदी

प्रति तोला -	प्रति तोला -	प्रति तोला -
३२२२००	०	४९००

पोखरा-दुबई उडान दिगो बनाउन पर्यटन व्यवसायीको अग्रसरता

गण्डकी– आगामी असोज ७ (सेप्टेम्बर २३) देखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन यहाँका पर्यटन व्यवसायीले चासो र अग्रसरता देखाएका छन् । नेपालका लागि संयुक्त अरब इमिरेटन्स (युएई) का राजदूत अब्दुल्लाह सइद मुबारक जरवान अल शाम्सीसँग भेट गरी व्यवसायीहरूले पोखरा-दुबई नियमित उडानबारे छलफल गरेका हुन् ।

राजदूत अल शाम्सीसँगको भेटमा फ्लाई दुबईले सुरु गर्न लागेको पोखरा-दुबई उडान सेवाको निरन्तरता र दिगोपनाका विषयमा कुराकानी भएको भेटमा सहभागी पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । 'पोखरा-दुबई उडानलाई कसरी प्रभावकारी र दिगो बनाउन सकिन्छ भन्नेमा हाम्रो मुख्य चासो थियो', उनले भने, 'यसका लागि सबै पक्षबाट आवश्यक पहल र सहकार्य अगाडि बढाउने विषयमा छलफल भयो ।'

राजदूत अल शाम्सीसँगको भेटमा नेपाल पर्यटन बोर्डका पूर्वबोर्ड सदस्य वासुदेव त्रिपाठी, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीलगायत सहभागी थिए । केही समयअघि फ्लाई दुबईका नेपाल प्रतिनिधि र पोखराका पर्यटन व्यवसायीबीच पनि पोखरामा सोही विषयमा छलफल भएको थियो । सो अवसरमा पोखरा-दुबई उडानलाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्वपूर्ण हुनेमा जोड दिइएको थियो ।

यो उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दा बढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले गत जेठमा फ्लाई दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो । यसबीचमा फ्लाई दुबईले उडान तालिम सार्वजनिक गरिसकेको छ । सुरुमा एक महनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाई दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ ।

सरकारले चाल आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको थियो ।

विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्नेछ । सञ्चालनमा आएको तीन वर्ष वितिसक्दासमेत पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु संख्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो । पोखरा-दुबई उडानबाट पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधै पोखरा आउन सक्नेछन् । *रासस*

कर्पोरेट

एनसेल र नेपाल मेडिसिटी अस्पतालबीच साझेदारी

काठमाडौं (प्रस)– एनसेल र नेपाल मेडिसिटी अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवालाई सहज र किफायती बनाउने उद्देश्यका साथ एनसेलका ग्राहकहरूलाई निःशुल्क चिकित्सक परामर्श सेवा उपलब्ध गराउन साझेदारी गरेका छन् ।

यस साझेदारीअन्तर्गत, रु. २९९ वा सोभन्दा माथिको प्याक वा रेन्टल सेवा लिने एनसेल ग्राहकहरूले नेपाल मेडिसिटी अस्पतालको बहिरङ्ग सेवामा निःशुल्क चिकित्सक परामर्श सेवा लिन सक्नेछन् । त्यस्तै, रु. ९९ देखि रु. २९९ सम्मको प्याक वा रेन्टल सेवा लिएका ग्राहकहरूले बहिरङ्ग सेवाअन्तर्गत चिकित्सक परामर्श शुल्कमा २० प्रतिशत छुट पाउनेछन् ।

मंगलबार आयोजित एक कार्यक्रममा एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ता र नेपाल मेडिसिटी अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. अमित तोमरले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् । यस सहकार्यबारे बोल्दै दत्ताले भने, 'नेपाल मेडिसिटीको स्वास्थ्य सेवालाई एनसेलका प्याकसँग जोडेर हामीले मोबाइल सेवा लिएका उपभोक्ता तथा प्रयोगकर्ताहरूलाई थप लाभ प्रदान गर्दैछौं । यसमा निःशुल्क चिकित्सक परामर्श सेवादेखि परामर्श शुल्कमा उल्लेखनीय छुटसम्मको व्यवस्था रहेको छ । यो साझेदारीले हाम्रा ग्राहकहरूलाई केवल कनेक्टिभिटी मात्र नभई स्वस्थ जीवनका लागि पनि सहयोग सुनिश्चित गर्दछ । यो हाम्रा ग्राहकहरूका लागि साँच्चै महत्त्वपूर्ण हुनेछ र यो ग्राहकलाई लाभ प्रदान गर्ने हाम्रो प्रतिबद्धताको अर्को कदम हो ।'

यस साझेदारीअन्तर्गतको सेवा लिन योग्य एनसेल ग्राहकहरूले एनसेल एपमा लगइन गर्नुपर्ने हुन्छ । त्यसपछि एपभित्र पार्टनर्ड सर्भिसेज खण्डमा गई नेपाल मेडिसिटी अस्पताल छनोट गर्नुपर्ने हुन्छ । एपले योग्य ग्राहकहरूले प्राप्त गर्ने सुविधाको विवरण स्वतः देखाउनेछ । योग्य नदेखिएका ग्राहकहरूले यसका लागि आवश्यक प्याक वा रेन्टल सेवा लिएर यस सुविधाको लाभ लिन सक्नेछन् ।

महालक्ष्मी विकास बैंक नाडा अटो शो २०२६ मा

काठमाडौं (प्रस)– महालक्ष्मी विकास बैंकले सोमबारदेखि सुरु भएको नाडा अटो शोमा सहभागिता जनाएको छ । गाडी खरिद गर्दा आवश्यक पर्ने कर्जा सम्बन्धमा परामर्श दिने, सहजीकरण तथा समन्वय गर्ने कार्य बैंकले गर्नेछ । हाल विकास बैंकहरूमा सबै भन्दा प्रतिस्पर्धी ब्याजदरमा सवारी कर्जा प्रदान गरिरहेको यस बैंकले आकर्षक ब्याजदरमा सवारी कर्जा प्रदान गर्नेछ । यस अवसरमा बैंकले प्रशासनिक शुल्कमा समेत विशेष छुट प्रदान गर्नेछ । भाद्र महिनाको लागि हाल बैंकको आधार दर ५.६४ प्रतिशत रहेको छ जसको प्रत्यक्ष लाभ सवारी कर्जा लिने ग्राहकहरूले लिन सक्नेछन् ।

महालक्ष्मी विकास बैंक मार्फत सवारी कर्जा लिन चाहाने ग्राहकहरूले स्टल न. एन हल न. ०४ मा गई सम्पर्क गर्न सक्नेछन् । बैंकले विद्युतीय तथा अन्य निजी तथा व्यापारीक सवारी साधन खरिद गर्न चाहाने ग्राहकहरूको लागि सहज, सरल र प्रतिस्पर्धी वित्तीय सेवा प्रदान गर्नेछ । नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालको आयोजनामा प्रत्येक वर्ष आयोजना हुँदै आएको अटो शोमा विकास बैंकहरूमा महालक्ष्मी विकास बैंकले प्रत्येक वर्ष सहभागिता जनाउँदै आएको छ ।

गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आएको यस बैंकले हालै मात्र काठमाण्डौं, ज्ञानेश्वरमा कफि लाउञ्ज सहितको डिजिटल हब सञ्चालनमा ल्याएको छ ।

नाडा अटो शोमा यामाहाको एक्सएसआर १५५ सार्वजनिक गरिँदै

काठमाडौं (प्रस)– नेपालका लागि यामाहा दुईपाङ्ग्रे सवारीसाधनको आधिकारिक वितरक एमएडब्लु राइड्स प्रा.लि.ले आगामी अगस्ट २५ देखि ३० सम्म काठमाडौंको भृकुटीमण्डप प्रदर्शनी हलमा आयोजना हुने नाडा अटो शो २०२६ मा बहुप्रतीक्षित यामाहा एक्सएसआर १५५ को अनावरण गर्ने घोषणा गरेको छ । 'बर्न टु स्ट्यान्ड अपार्ट' अभियानको अवधारणामा केन्द्रित यस कार्यक्रममा नेपालभरका आगन्तुक तथा मोटरसाइकलप्रेमीहरूले पहिलोपटक यामाहाको नयाँ रेट्रो-मोडर्न मोटरसाइकललाई प्रत्यक्ष अनुभव गर्ने अवसर पाउने जनाइएको छ । यो मोटरसाइकल सडकमा आफ्नो बेग्लै र विशिष्ट पहिचान बनाउन चाहने तथा परम्परागत स्ट्रिट बाइकभन्दा फरक देखिन चाहने राइडरहरूका लागि डिजाइन गरिएको जनाइएको छ ।

यामाहा एक्सएसआर १५५ ले कालजयी मोटरसाइकल विरासत र आधुनिक कार्यक्षमताको एक अनुपम सम्मिश्रणलाई प्रस्तुत गर्दछ । यसको मुख्य विशेषताहरूमा आकर्षक टियरड्रप-आकारको फ्युल ट्यांक, रेट्रो शैलीबाट प्रेरित सिग्नेचर राउन्ड एलइडी हेडल्याम्प, फ्ल्याट बेन्च-स्टाइल सिट र मिनिमल तथा क्लिन बडीवर्क रहेका छन्, जसले यसलाई शक्तिशाली उपस्थिति र विशिष्ट क्लासिक स्वरूप प्रदान गरिएको छ । परिष्कृत १५५ सीसी इन्जिनद्वारा सञ्चालित एक्सएसआर १५५ ले दैनिक सहरी प्रयोग र उत्कृष्ट पर्फर्मेन्सबीच सन्तुलन कायम गर्दछ । यसले क्लासिक संरचनामै आधुनिक सुविधाहरू र प्रविधिलाई समायोजन गरी एक अद्वितीय राइडिङ अनुभव प्रदान गर्ने जनाइएको छ ।

नाडा अटो शोमा अप्रिलिया र भेस्पाका नयाँ मोडल

काठमाडौं (प्रस)– नेपालमाअप्रिलिया र भेस्पाका आधिकारिक वितरक डेल्टा अटोकर्प प्रालिले नाडा अटो शो २०२६ लाई लक्षित गर्दै विशेष 'द स्कुटरिङ एक्स्ट्राभ्यागान्जा' योजना सार्वजनिक गरेको छ । नाडा अटो शो २०२६ को स्टल नम्बर एल, हल नम्बर ११ मा उपलब्ध यस योजनाअन्तर्गत नाडा अटो शो अवधिभर अप्रिलिया वा भेस्पा खरिद वा बुकिङ गर्ने ग्राहकले २८ हजार ५ सय रूपैयाँसम्मको विशेष लाभ प्राप्त गर्नेछन् । यसअन्तर्गत खरिद गर्ने ग्राहकले विशेष अप्रिलिया तथा भेस्पा हेल्मेट ब्यागसमेत प्राप्त गर्नेछन् । यो योजना नगद, फाइनान्स तथा एक्सचेन्जमार्फत खरिद गर्ने ग्राहकका लागि लागू हुने कम्पनीले जनाएको छ । यस वर्ष अप्रिलियाले नाडा अटो शोमा आफ्नो उपस्थिति अझ विशेष बनाउँदै इटालियन क्याफे-इन्स्पायर्ड थिममा स्टल तयार गरेको छ । स्टलको डिजाइनमार्फत अप्रिलियाको प्रतिष्ठित इटालियन डिजाइन, जीवनशैली र प्रिमियम अनुभवलाई प्रस्तुत गरिएको छ । प्रदर्शनीको मुख्य आकर्षणका रूपमा नयाँ भेस्पा एसएक्स १२५ जेट, सिल्भर रङमा अप्रिलिया १२५ र ग्रे रङमा अप्रिलिया एसआर १२५ प्रस्तुत गरिएको छ । साथै, भेस्पाका अन्य मोडलहरू स्टर्म १२५ र एसआर १६० तथा अप्रिलियाका अन्य रङका एसआर १२५, अप्रिलिया १२५ र अप्रिलिया एसआर १२५ पनि प्रदर्शनीमा राखिएका छन् ।

नाडा अटो शो २०२६

'अर्थतन्त्रको मेरुदण्ड नै अटोमोबाइल क्षेत्र'

■ प्रभाव संवाददाता

काठमाडौं– उपराष्ट्रपति रामसहायप्रसाद यादवले अटोमोबाइल क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्ड भएको बताएका छन् ।

अटोमोबाइल क्षेत्रले मेला 'नाडा अटो शो २०२६' को १८ औं संस्करणको मंगलबार उद्घाटन गर्दै उनले अटोमोबाइल क्षेत्र नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा स्थापित भइसकेको बताएका हुन् । उपराष्ट्रपति यादवले भने, 'नेपालको गतिशीलता, आधुनिकता र आर्थिक रूपान्तरणको एउटा सशक्त मार्गचित्र कोर्न नाडा सफल हुनेछ ।' उनले जलविद्युत्को धनी देश नेपालले पेट्रोलियम पदार्थको आयत घटाई विद्युतीय सवारीसाधनको प्रयोगलाई जोड दिनुपर्ने उल्लेख गरे ।

उपराष्ट्रपति यादवले नेपाल जलस्रोतमा धनी भएको र जलविद्युत् उत्पादनमा वृद्धि भइरहेको अवस्थामा इन्धन आयातमा अर्बौं रूपैयाँ बाहिरिने स्थितिको अन्त्य गर्न विद्युतीय सवारी नै उत्तम विकल्प भएको बताए । मुलुकमा उद्यमशीलता सिर्जना गर्न नाडा अटो शो मोबाइलले खेलेको भूमिकाको उच्च प्रशंसा गर्दै उनले नेपालमै अटोमोबाइल क्षेत्रको उत्पादन आवश्यक रहेको धारणा राखे ।

नेपाली अटोमोबाइल क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा चिनाउने लक्ष्य नाडाको हुनुपर्नेमा जोड दिँदै उपराष्ट्रपति यादवले वातावरणमैत्री र प्रविधिमैत्री नेपाल निर्माणका लागि 'चार्जिङ स्टेशन'जस्ता पूर्वाधार विस्तारमा सरकार र निजी हातेमालो गरेर अगाडि बढ्न सुझाव दिए ।

उपराष्ट्रपति यादवले अटो शोले नेपाली अटोमोबाइल बजारलाई चलायमान बनाएर आन्तरिक उत्पादन र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले मुलुकको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेकाले व्यवसायीको मनोबल बढाउने ढंगबाट सरकारले कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

गत वर्ष अटोमोबाइल क्षेत्रबाट राज्यलाई रु ८१ अर्ब राजश्व योगदान गरेको जानकारी दिदै उनले मुलुकको कूल राजश्वको करिब आठ देखि नौ प्रतिशत हिस्सा ओगट्ने क्षेत्रलाई विलासिताको वस्तुको रूपमा मात्र हेरिनु नहुने धारणा व्यक्त गरे । अब आयातमा मात्र भर नपरी स्वदेशमै सवारीसाधन र पार्टपुर्जाको 'एसेम्बलिङ' र उत्पादन सुरु गर्नुपर्ने आवश्यकता औंल्याउदै अध्यक्ष श्रेष्ठले स्वदेशमै उत्पादनमूलक क्षेत्रको विकास गरी युवाका लागि रोजगारी सिर्जना गर्नुपर्ने बताए ।

नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले नेपालमा ठूला प्रदर्शनीका लागि उपयुक्त पूर्वाधारको अभाव रहेको बताए । उनले भने, 'मुलुकको जनसंख्या र आर्थिक गतिविधि बढे पनि प्रदर्शनी केन्द्रको विकास हुन सकेको छैन, भृकुटीमण्डपको वर्तमान स्थलले ट्रक, बस र ठूला उपकरण प्रदर्शन गर्न पर्याप्त ठाउँ पुगदैन, त्यसैले काठमाडौंमा अन्तरराष्ट्रिय स्तरको प्रदर्शनी केन्द्र बनाउनु अहिलेको आवश्यकता हो ।'

अध्यक्ष उप्रेतीले अटोमोबाइल क्षेत्रलाई केवल सवारीसाधनको व्यापारका रूपमा मात्र नहेरी यसको बृहत् आर्थिक प्रभावलाई बुझ्न सरकारसँग आग्रह गरे ।

उनले नेपालमा विद्युतीय सवारीसाधनको बढ्दो प्रयोगलाई मध्यनजर गर्दै चार्जिङ पूर्वाधार र नेपालमै 'एसेम्बल' उद्योगको विकासका लागि नीतिगत स्पष्टता र सहुलियत हुनुपर्ने बताए । नाडा स्थापना भएको ५० वर्षको अवसरमा 'उद्योगदेखि रोजगार सम्म' भन्ने मूल नाराका साथ सुरु गरिएको उक्त मेला भदौ २४ गतेसम्म चल्ने आयोजकले जनाएको छ ।

गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनै पनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षकमात्र होइन, सम्पूर्ण सामाग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक तथा उत्तेजनात्मक सामाग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेरमात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं ।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ